# सिक्किममा शिक्षाको विकास

## (संक्षिप्त परिचय)



प्रेम थुलुङ

# प्राक्कथन

शिक्षाले मनुष्यमा विद्यमान जन्मजात सुषुप्त शक्तिहरूलाई स्वाभाविक औ सामाञ्जस्यपूर्ण विकाश गर्नमा सहयोग पुऱ्याउँछ, यसको साथै सद्विचार, सद्व्यवहार माध्यम कर्त्तव्य एवं दायित्ववोध गराउँदै यसले समाज,देश औ विश्व हितार्थ जीवन सफल गराउँछ। देश विकास र निर्माणमा शिक्षाको गहन भूमिका रहेको विशेष कारण यही हो।

शिक्षा भन्नाले साधारण मानिसहरू विद्यालय, विद्यार्थी,अध्यापक,पाठ्य-पुस्तक तथा सम्वन्धित विभाग इत्यादि मात्र बुझ्दछन्। यतिमै शिक्षाको परिभाषालाई बाँध्न खोज्नु यसको व्यापकताप्रति आँखा चिम्लिदिनु हो। वास्तवमा शिक्षाको क्रम मानिसको जन्मदेखि मृत्युसम्मै निरन्तर चलिरहने हुनाले कलेज तथा विश्व-विद्यालय स्तरका प्रमाण-पत्र प्राप्त गर्दैमा अब शिक्षा समाप्त भयो भन्न कदापि सकिंदैन। यो युगौंयुग चलिरहने स्वाभाविक प्रक्रिया हो।

आधुनिक शिक्षा अन्तर्गत एकातिर विज्ञानको प्रयोगले देशको निर्धनतामाथि विजय प्राप्त गर्न सहयोग पुऱ्याउँछ,विभिन्न कलाहरूको विकासले अर्कोतिर मानिसलाई आत्मिक आनन्द दिलाउँछ। हुन पनि सौन्दर्यात्मक चेतना र मानव हित-भावको अनुपस्थितिमा भौतिक सम्पन्नता मात्रको कुनै महत्व हुँदैन। यसैकारण यी दुवै पक्षको समन्वयात्मक स्वरूप र उत्तरोत्तर विकास नै शिक्षा हो भन्दा अत्योक्ति हुने छैन।

कुनै पनि देशको शैक्षिक विकासमा त्यहाँका सामाजिक, सांस्कृतिक, राजनैतिक तथा आर्थिक विभिन्न विषयहरूप्रति ध्यान दिन पर्ने हुनाले नै त्यहाँको शिक्षाको इतिहासको स्वरूप अन्य देशको भन्दा केही भिन्न देखिएको हो। अघि भनिए झैं शिक्षा शब्दले व्यापकता अंगालेको हुनाले यस सन्दर्भमा केन्द्र र राज्यबाट सुसम्पन्न भइरहेको शैक्षिक अभियान विषय पनि प्रकाश पार्न अनिवार्य हुन्छ। यसबाट शिक्षा पद्धतिले लिएको आफ्नो लक्ष्य के कति पूर्ण हुन सक्यो औ कति बाँकी छ सो जान्न सकिन्छ।

सिक्किम देशको शिक्षाको प्रारम्भिक इतिहास आज खोजको विषय भएको छ। कुनै कालसम्म धार्मिक शिक्षा नै भए पनि गुम्बा एक प्रकार

शिक्षाको केन्द्र रह्यो। तर साधारण शिक्षाको सन्दर्भमा भन्नु हो भने ईशाई मिसनरीहरूको योगदान कम हो भन्न सकिंदैन। त्यो अन्धकारमय युगमा सिक्किमका गाउँ-घरतिर ठाउँ ठाउँ स्कूलहरू खोली शिक्षाको प्रचारमा तिनीहरू लागेका थिए। त्यस प्रकरणलाई खोजी प्रकाशमा ल्याउनु हो भने यसको छुट्टै इतिहास बन्न जाला हो।

सबल प्रमाण र दशीहरूको आधारमा आफ्नो मन्तव्य दिन बस्दा पनि आलोचकहरू इतिहास लेखनलाई एक पक्षीय भनी दोषारोपन गर्छन् भने झन् कालान्तरमा ती प्रमाणहरू लोप भएर गए हाम्रो इतिहासले अरूको तुलनामा दन्त्य-कथाको उपमा पाउन बेर नलाउला हो।

सन् १९७३-७५ भन्दा अघिको सिक्किमेली शैक्षिक इतिहासको उल्लेख नगरी त्यसपछिको सन्दर्भलाई लिएर हेर्नु हो भने पछौटे राज्य सिक्किमले थोरै अवधिभित्रै अभूतपूर्व उन्नति गरेको देखिन्छ। सन् १९९६ को सत्रसम्म दुई किलोमिटरभन्दा कम दुरी बीच गाउँले- पाठशालाहरूको स्थापना र बड़ोत्तरीले गर्दा यहाँको साक्षरता-दर अविश्वसनीय रूपमा बढ़ेको छ। सबैको अघिल्तिर पाठशाला पुऱ्याइदिने अभियानले गर्दा शिक्षामा संख्यात्मक विकास सम्भव भयो अबोपरान्त यसको गुणात्मकतालाई बढ़ी ध्यान दिन पर्ने भइरहेछ। हुन पनि शिक्षाको विकासको सन्दर्भमा संख्यात्मक एवं गुणात्मक दुवै प्रकारका विकास एकै चोटि हुन असम्भवप्रायः हुन्छ। यसका निम्ति हर दिशाबाट सहयोग उपलब्ध हुन सक्नुपर्छ।

सिक्किममा शिक्षाको विकास (संक्षिप्त परिचय) नामक यो पुस्तक शिक्षा विभाग सचिव- श्री टी. टी. दोर्जी (आई. एस. एस.) र तत्कालीन शिक्षा निर्देशक- श्री दावा छिरिंग भोटियाद्वारा सर्वसाधारणका निम्ति लेखिदिने अनुरोध हुँदा लेखिएको हो। अस्वस्थता र सेवा निवृत्त हुनै लाग्दाको अवस्थाले गर्दा व्यापक सर्वेक्षण गर्न नसकिए पनि पाइएका नयाँ,पुराना दस्तावेज तथा तथ्यांकहरू यहाँ जस्ताको तस्तै राखिएका न्। प्रत्येक वर्ष सरकारले मान्यता दिएका पाठशाला,बढ़ोत्तरी,विद्यार्थी,शिक्षक तथा पाठशालाहरूको कूलसंख्या तथा परीक्षा सम्बन्धी तथ्यांक यहाँ क्रमागत रूपमा राख्न पाएको भए सुनमा सुगन्ध हुने थियो तर कतिपय कारणले त्यसरी उचित रूपमा राख्न नसक्दा लेखक स्वयं खेद प्रकट गर्दछ। वास्तवमा यो लेखन विद्वानहरूप्रति — ध्यानाकर्षण प्रयास मात्र हो। यस पुस्तकमा कुनै पनि कमी र त्रुटि रहेको देखिए त्यो शिक्षा विभागको नभई व्यक्तिगत सम्झी पाठकवर्ग स्वयं त्यसलाई

अवश्य औंल्याइदिने छन्। त्यसरी नै शिक्षा विभाग अन्तर्गत विभिन्न ओहोदामा पूरै चार दशकसम्म कार्यरत हुनाले विवरण तथा कुनै कुनै सुझाव अतिरञ्जित रहन गए लेखक क्षमा याचना गर्दछ।

पुस्तक लेखनमा आवश्यक सहयोग र प्रोत्साहन पुऱ्याउनु हुने गण्य-मान्य महानुभावहरू श्रीमती रोजाबेल नाम्चु (शिक्षा निदेशक,प्रथम), श्री के० जयकुमार (आई. ए. एस. शिक्षा निदेशक, द्वितीय), श्री के० पी० अधिकारी (अतिरिक्त शिक्षा-सचिव), श्री जी० के० बक्सी (अतिरिक्त शिक्षा निदेशक) प्रति लेखक आभार प्रकट गर्दछ।

त्यसरी नै संयुक्त निदेशकहरू- श्री राधाकृष्ण शर्मा,श्री सी. एम. प्रधान,श्रीमती गीता शर्मा, श्री सी. एन. शर्मा,श्री उदयचन्द्र वशिष्ठ (आ. एस. डी. संस्कृत विभाग) लगायत उपनिदेशकवर्ग सर्वश्री पूर्ण राई, पी. आर. लामा, डा. शान्ति छेत्री, ए. बी गुरुंग, ओ. पी. बस्नेत, श्रीमती ममता थापा लगायत सुश्री इमु फनिङ सबैको थप प्रोत्साहन नपाएको भए यो पुस्तक प्रायः अधुरो नै रहने थियो। त्यसरी नै श्री नोर्देन लेप्चा (इन्चे स्कूल) लगायत श्री सी. एम. दाहाल एवं उहाँकी श्रीमती बसन्ती शर्मा (मंगलबारे तथा राबांगला स्कूल) प्रति पनि लेखक धन्यवाद चढ़ाउँदछ।

उक्त पुस्तक शिक्षा बिभागलाई सन् १९९७ को मध्यतिरै बुझाइएको थियो तापनि कतिपय कारणले यसको प्रकाशनमा विलम्ब हुन गई अब मात्र यसले बल्ल घाम देख्न पायो, फलस्वरूप लेखक पाठकवर्गमा यो सप्रेम समर्पण गरिरहेछ।

| | |
|---|---|
| १८ नोभेम्बर १९९८ | प्रेम थुलुङ |
| बुमटार,नाम्ची | उप-निदेशक (सेवा निवृत्त) |
| दक्षिण सिक्किम | शिक्षा विभाग, सिक्किम सरकार |

सिक्किममा शिक्षाको विकास

(संक्षिप्त परिचय)

# विषय सूची


१. शैक्षिक विकासको परिप्रेक्ष्य - सिक्किम राज्य

२. सिक्किमको प्रारम्भिककालका पाठशालाहरू

३. सिक्किममा शिक्षा विभागको स्थापनाकाल

४. सिक्किममा शिक्षण संस्थानहरूमा परिवर्तन एवं नीति निर्धारण

५. राष्ट्रिय शिक्षा नीति र सिक्किम राज्यको शिक्षा विभागको उद्देश्य र यसको संरचना

६. प्रशासन एवं विभिन्न शाखाहरू

७. सिक्किम राज्यका शैक्षिक संस्थानहरू

८. प्राइभेट स्कूल तथा सामाजिक संगठन

९. गुणात्मकता

(क) पाठ्यक्रम

(ख) मूल्यपरक शिक्षा

(ग) अनुशासन

(घ) मूल्यांकन प्रक्रिया

(ङ) अपव्यय एवं अवरोधन

-१-

# शैक्षिक विकासको परिप्रेक्ष्य - सिक्किम राज्य

अति प्राचीनकालदेखि नै मानव समाजलाई संसाधन जुटाउन, योग्यता प्रदान गर्न, गराउनमा शिक्षाले महत्वपूर्ण हिसावले सहयोग पुऱ्याउँदै आइरहेछ । फलस्वरूप, यसले काल, परिस्थिति एवं दूरीमाथि पनि विजय प्राप्त गरी देश विकासमा अविश्वसनीय रूपमा परिवर्तन ल्याइरहेको कुरा सर्वविदित छ । भूपरिवेष्ठित सिक्किम राज्यको विकासमा हिजोसम्मका उपलब्धिलाई समाहित गरी शिक्षाको तर्जुमामा बुद्धिमता पुऱ्याउनै पर्ने हुनाले शिक्षा पद्धतिलाई बड़ो संयमसित संयोजितरूप दिन पर्नेछ तब मात्र आत्म-निर्भरता र देशको आवश्यकतालाई यसले पूरा गर्न सक्नेछ । त्यस बाहेक आजको परिस्थितिमा गुणात्मकतालाई ध्यानमा राख्दा मूल्यपरक शिक्षा र अनुशासनको पनि महत्वपूर्ण स्थान देखिन्छ । शिक्षाको योजनामा सन्दर्भित परिप्रेक्ष्य तथा यसको क्रमिक विकासको धेरै ठूलो भूमिका रहनाले त्यसको विवरण दिन समीचीन देखिएला ।

सिक्किमको इतिहास धेरै पुरानो देखिए तापनि यहाँका सामाजिक, सांस्कृतिक आचार व्यवहारलाई तुलना गर्दा विश्वका अति शिष्ट देशहरूसित यो हाराहारीमा सजिलै उभिन सक्दछ । तर भौगोलिक विकटता र आवागमनको जटिलताले भने यहाँको विकासमा अवरोध खड़ा गरेको स्पष्ट देखिन्छ ।

भारतको संविधान अनुसार शिक्षा राज्य र केन्द्र दुवैको सम्मिलित विषय हो । केन्द्र सरकारले राज्यहरूमा उचित निर्देशन एवं आर्थिक नीति निर्धारण गरे अनुसार राज्य सरकारले पनि आफ्नो परिस्थिति अनुरूप योजना बनाई कार्यान्वयन एवं व्यवहाररूप प्रदान गर्दछ । देश अथवा राज्य कुनै पनि व्यक्तिको प्रतीक हो भने त्यसको जन्मस्थान, परिस्थिति, ऐतिहासिक वैशिष्ठ्य, राजनैतिकता, बौद्धिक एवं शारीरिक मनोवैज्ञानिक सम्पूर्णतालाई लिएर व्यक्तिको चौतर्फी विकासको लागि शिक्षालाई साधनको रूपमा प्रयोग गरिन्छ । अन्य महत्वपूर्ण

विषयहरूमध्ये वैज्ञानिकता र आर्थिक पक्ष पनि छन् जसलाई देशले आफ्नो विकास मार्गमा त्यज्य कदापि ठान्न सक्दैन । यसर्थ सिक्किमको शिक्षा विकासको सन्दर्भमा यस देशका भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक विशेषताहरूको ठूलो महत्व छ । यी विशेषताहरूको विवरण देहायमा संक्षेपमा राखिन्छ -

**भौगोलिकता:-**

| | |
|---|---|
| क्षेत्रफल | - ७०९६ वर्ग किलोमिटर |
| जमीनको अवस्थिति | - समुद्र तलबाट २७० मिटरदेखि क्रमशः अल्गँदै ८५८५ मिटरसम्म । जहीं तहीं असमानरूपले उठेको भूमि । |

**पहाड़हरू:-**

| | |
|---|---|
| कञ्चनजंघा | - ८५८५ मिटर (२८,१५६ फिट) |
| टोलुङ | - ७३४९ मिटर (२४,१०० फिट) |
| काब्रु | - ७,३३८ मिटर (२४,०६२ फिट) |
| सिन्योलचु | - ६,८८७ मिटर (२२,६०० फिट) |
| शिम्भु | - ६,८११ मिटर (२२,३६० फिट) |
| पाण्डिम | - ६,६९१ मिटर (२२,०१० फिट ) |
| राथोंग | - ६६७९ मिटर (२२,००० फिट) |
| डोम | - ६,६०० मिटर (२१,६८८ फिट) |
| नरसिंग | - ५,८२२ मिटर (१९,१३० फिट) |

**नदीहरू:-**

| | |
|---|---|
| टिस्टा | - (उद्‌गमस्थल - छो ल्हामु झिल तथा हिमालय क्षेत्र) |
| रंगीत | - (उद्‌गमस्थल - राथोंग हिम-खण्ड) |

**भूमि विशेषता:-**

| | |
|---|---|
| खेती योग्य जमीन | - १५.३७ प्रतिशत |
| बन सम्पदा | - ३६.१५ प्रतिशत |
| बञ्जर भूमि | - २५.४० प्रतिशत |
| खेती नहुने तर वस्तु चरणादि | - २३.०८ प्रतिशत |
| भूराजस्व ग्रामीण क्षेत्र | - ४५३ |
| भूराजस्व ग्रामीण आवादी | - ४४७ |

**खेती:-**

धान, मकै, कोदो, फापर, गहुँ, जौं, दाल, भटमास इत्यादि छन् भने अलैंची, अदुवा, सुन्तला, आलु अन्य फलफूल तथा फूलका खेती इत्यादि नगद खेती हुन् ।

**उद्योग धन्धा:-**

सिक्किम देश औद्योगिक क्षेत्रमा केही पछौटे राज्य मानिएको छ तथापि आजपर्यन्त निम्न प्रकारका उद्योगहरू यहाँ सञ्चालित छन् -

१. बिजुली उत्पादनका सरकारी इकाईहरू
२. सिक्किम माइनिङ करपोरेसन, रम्फू
३. सिक्किम डिस्टिलरिज, डम्फू
४. युकसम बियर फेक्टरी मल्ली
५. सिक्किम टाइम करपोरेसन गान्तोक
६. सिक्किम जेवल्स लिमिटेड गान्तोक
७. सिक्किम टि फेक्टरी, तिमी
८. सिक्किम फुट प्रिजर्भेसन फेक्टरी, सिंगताम
९. सिक्किम टानरी, रम्फू

यस बाहेक छापाखाना, बिस्कुट फेक्टरी, गलैंचा बुन्ने जस्ता अनेकौं लघु उद्योगहरू पनि छन् । पर्यावरण, बन-सम्पदा, खोला-नाला झिल, झरना हिमाली

दृश्य, कस्तुरी मृग लगायत डाँफे मुनाल जस्ता पशुपंक्षी इत्यादि प्राकृतिक रमणीयताको कारण यो राज्य पर्यटन उद्योगका निम्ति खुवै लाभकारी देखिन्छ ।

**जनसंख्या:-**

४,०६, ४५७ (सन् १९९१ को जन-गणनानुसार) अनुपात - पुरूष संख्या १000 हो भने स्त्री संख्या ८७८ .

ग्रामीण जनसंख्या - ९०.९० प्रतिशत

शहरको जनसंख्या - ९.१० प्रतिशत

**जनसंख्या घनात्मकता**

सन् १९७१ मा - २९ जना प्रति किलो मिटर

सन् १९८१ मा - ४५ जना प्रति किलो मिटर

सन् १९९१ मा - ५७ जना प्रति किलो मिटर

**साक्षरता दर (अन्य भारत क्षेत्रसित तुलनात्मक दृष्टिमा)**

| वर्ष | भारत क्षेत्र | सिक्किम |
|---|---|---|
| १९२१ | ७.१६ | २.९७ |
| १९३१ | १९.५० | २.९८ |
| १९४१ | १६.१० | ४.७० |
| १९५१ | १६.६७ | ६.५९ |
| १९६१ | २४.०२ | १२.३३ |
| १९७१ | ३४.४५ | १७.७४ |
| १९८१ | ४३.५६ | ३४.०५ |
| १९९१ | ५२.२१ | ५६.५४ |

## यातायात एवं परिवहनः-

सिक्किम सरकारले सन् १९४४ देखि नै सिक्किम राष्ट्रियकृत परिवहन बस सेवा र माल ढुवानीका निम्ति ट्रक सेवाको प्रवन्ध मिलाउँदै आएको छ तथापि वर्षाकाल यहाँ भूस्खलनद्वारा यातायातमा ठूलो समस्या आइपर्छ । रेलको सुविधा लिनलाई सिक्किमले हरदर १०० किलोमिटरभन्दा केही टाढामा रहेका पश्चिम बंगालस्थित सिलगढी र त्यस नजिक जलपाइगढी पुग्नपर्छ ।

## ऐतिहासिकताः-

सिक्किम देशको ऐतिहासिकतालाई राम्ररी केलाएर हेर्दा यसको आधार सत्रौं शताव्दीको उत्तरार्द्धदेखि भेटिएका केही भग्नावशेष एवं मुद्रालाई मान्न सकिन्छ । त्यसो ता सन् १९७३-७५ सम्मै नामगेल वंशीय राजाहरूले सिक्किममा राज गर्दै आएको घटना सबैको अघिल्तिर छँदैछ । इतिहासले यहाँको अन्तिम राजा पाल्देन थेन्डुप नामगेल स्वीकार गरिसकेको छ ।

पुरानो सिक्किमको सन्दर्भमा कुरा गर्दा लेप्चाहरू यहाँका आदिवासी भएको मानिन्छ तथापि तिनीहरूका आधिपत्यबारे यहाँको इतिहास चुप्प देखिन्छ । नामगेल वंशीय राजाहरूको राव्देञ्चीस्थित पुरानो राजप्रासाद भग्नावशेषलाई रिनाकपारि दामसांग गढीमा रहेका केही खण्डहरहरूलाई दँजाएर हेर्दा केही केही समानान्तर रेखाहरू खिंच्न सकिन्छ । भवन निर्माणको शैली तथा पर्खालहरू एकै प्रकारका देखिन्छन् । दामसांगगढीमा १९५० सम्मै भेटाइएका कतिपय तथ्यहरूमा फरक के छ भने त्यहाँको भग्नावेशषहरूमा बौद्ध चैत्यहरू भने आवश्य छैनन् । गेबु अच्योक पानो नामक लेप्चा राजा त्यहाँ राज गर्दथे औ तिनीसित सिक्किमका नामगेल वंशीय राजाहरूको पनि छुटपुट लड़ाई चलिरहन्थ्यो भन्ने कही कही प्रसंग भेटिन्छ । वास्तवमा लेप्चाहरूको विश्वास अनुसार गेबु अच्योक पानो सिक्किमकै लेप्चा वंशका राजा थिए । तिनैका सन्तानहरू आज सिक्किम कालिम्पोंग तथा डुवर्स क्षेत्रमा अद्यापि छरिएर बसेका छन् । तर दामसांगगढीको उक्त इतिहासलाई कतिपय इतिहासकारहरूले सहर्ष स्वीकार गरेका छैनन् । तिनीहरू दामसांग गढीको त्यो भग्नावशेषलाई राजदरवारको रूपमा स्वीकार नगरी गढीकै रूपमा मात्र लिन तयार देखिन्छन् । त्यसो हुँदा सिक्किमका लेप्चाहरूको राजनैतिक इतिहासबारे खोजी गर्न अझै बाँकी नै देखिन्छ ।

सन् १९०१ मा सिक्किमको जनसंख्या त्यस बेलाको जनगणना अनुसार मात्र ५९,०१४ थियो भने फरवरी १८९१ को जनसंख्या ३०,४५८ देखिन्छ । त्यसैकारण त्यसभन्दा अघि सन् १८१५-१७ को सुगौली तथा टिटालियाको सन्धि भएको वेला सिक्किमको जनसंख्या कति थियो त्यो सजिलै अन्दाज गर्न सकिन्छ । तैपनि जंगल बनसम्पदाले भरिपूर्ण सिक्किमले विगतका दिनहरूमा कहिले नेपालसित, कहिले भुटानसित औ कहिले कोसित युद्ध गर्न परेको इतिहासहरू भेटिन्छ ।

सिक्किमसित भुटानको युद्ध विराम भएपश्चात् रिनाकपारि दामसांग गढी लगायत कालिम्पोंग क्षेत्र भुटानको सीमाना थियो । कालान्तरमा इष्ट इण्डिया कम्पनीले दार्जीलिङलाई (सिक्किम राजाबाट) केही रूपियाँ वार्षिक हिसाबले दिने मञ्जुरी लिई सन् १८३४-३५ मा पृथक गरायो औ त्यसरी नै कालिम्पोंग र डुवर्स क्षेत्रलाई पनि सन् १८६५ मा भुटानबाट लिई आफूसित राख्यो । (Gazetteer of Sikkim)

सन् १८१५-१६ को इस्ट इण्डिया कम्पनी र नेपाल बीचको सुगौली सन्धि र १८१७ मा कम्पनी र सिक्किम बीच टिटालियाको सन्धिपश्चात् यी दुवै देशका निम्ति इष्ट इण्डिया कम्पनी शक्तिशाली भएको देखिन्छ । सन् १८८९ मा इष्ट इण्डिया कम्पनीले सन् १८६१ को सिक्किमपतिसितको सम्झौता अनुसार जे.सी. वाइट नामक एक अंग्रेजलाई पोलिटिकल अफिसर मनोनित गरी सिक्किम सरकारलाई राज्य शासनमा सहयोग पुऱ्याउन गान्तोक पठायो । यहींबाट कम्पनी सरकारले सिक्किमलाई आफ्नो ठूलो प्रभावमा ल्याउन प्रारम्भ गऱ्यो । सिक्किम सरकारले आफ्नो राज्यमा कतिपय ठीकादारहरूलाई तामाको पैसा चलाउने मञ्जुरी दिए तापनि त्यो कार्यक्रम त्यसै बेलादेखि अस्वीकार भयो भन्ने थाहा लाग्छ । त्यसबेला यस निमित्त खनिएका तामाका खानीहरू रिनाक तथा सुम्बुक छेउ टुक खोलामा आजपर्यन्त देख्न सकिन्छ ।

नामगेल वंशीय राजामहाराजाहरूको इतिहासमा सर टासी नामगेलको राजत्वकाललाई सबैभन्दा महत्वपूर्ण मानिएको छ । यिनैको पालामा आधुनिक प्रकारले राज्यका जमीनहरूको नापी गराइयो । सन् १९४९ मा ठीकादारी सामन्ती शासन हटाई कुरूवा, बेठी, झार्लांगी, कालो भारी, बीसा-पञ्जा जस्ता कुतिथिहरूको अन्त गराए । अगष्ट १९४९ मा जोहन लाल नामक पहिलो देवान

सिक्किम आए औ भारतको परामर्श अनुसार अघिल्लो दरवार मनोनित सदस्यहरूको स्टेट काउन्सिलको सट्टामा मई १९५३ मा जनप्रतिनिधिहरूको सभा स्टेट काउन्सिलको स्थापना भयो । यही वर्ष भारतीय दण्ड विधान अनुरूप सिक्किममा पनि कानुन प्रयोग भएपछि १९५५ मा गान्तोकमा स्वतन्त्र उच्च न्यायालयको स्थापना भयो । सर टासी नामगेलले १९१४ देखि नै राजकाज चलाउन थाले पनि १९१८ मा तिनी सिक्किमको राज सिंहासनमा बसेका थिए औ तिनको देहान्त १९६२ मा भएको थियो ।

भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू सिक्किम भ्रमण आएपछि सिक्किमको विकासका निम्ति योजना आयोगलाई पठाई सन् १९५४-६१ सात वर्षका निम्ति ३ करोड २३ लाख ६९ हजार रूपियाँको आर्थिक सहयोग दिए । यस्तो आर्थिक सहयोगको क्रम अविच्छिन्नरूपमा रह्यो । जस्तै: १९६१-६६ को पञ्च वर्षिय योजनाका निम्ति ८ करोड १३ लाख भारतले पठायो भने १९६६-७१ का निम्ति ९ करोड रूपियाँ पठायो । यहाँ उल्लेख गर्नपर्ने कुरा के छ भने यही पञ्च वर्षिय योजना अन्तर्गत शिक्षा विषय विकासको पनि अभूतपूर्व विकास भयो औ सर्वप्रथम शिक्षा विभाग अस्तित्वमा आयो । राज्य प्रशासन विकेन्द्रीकरण सिद्धान्त अनुसार सन् १९६३ मा चारवटा जिल्लाहरू पूर्व, पशिचम, उत्तर तथा दक्षिणका निम्ति क्रमैसित गान्तोक, गेजिंग, मंगन र नाम्ची जिल्ला कार्यालयहरू अस्तित्वमा आए ।

सन् १९७३ मा जनमत संग्रहका निम्ति उठेको झगडाले अन्तमा राज्य स्तरमै 'एक मान्छे, एक भोट' विषय अन्दोलन चर्केपछि १६ मई १९७५ देखि सिक्किम भारतमा विलय भयो ।

## सामाजिकता

सिक्किमको इतिहासमा लेप्चा जाति प्रारम्भिक कालदेखि नै बसोबास गरेको थाहा लाग्छ । त्यसपछि भोटिया जातिहरू सोह्रौं सत्रौं शताब्दीमा तिब्बतको खाम प्रदेशबाट छुम्बी हुँदै सिक्किम प्रवेश गरेका हुन् भन्ने तिनीहरूको आफ्नै इतिहास छ । सिक्किम र नेपालको भौगोलिक सीमा सरल र सहज हुनाले यस देशमा नेपालीहरूको सम्बन्ध पनि धेरै अघिको थियो भन्न सकिन्छ । यसलाई सन् १८१७ को टिटालिया सन्धि सम्झौतामै थन्काउन कदापि न्यायसंगत हुँदैन ।

थिनीहरू पहिले कहाँबाट आए ? भन्ने प्रश्न जस्तो सुकै होस् सिक्किममा लेप्चा, भोटिया तथा नेपाली यी तीनै जातिहरूको बहुलता र आपस्तमा नङ मासु झैं मिलेकाबाट आज एउटा सिंगो सिक्किमे जाति बनेको छ । सन् १९६०-६२ मा सर टासी नामगेलकै पालामा दरवारले विशेषरूपमा प्रजा अधिनियम प्रयोगमा ल्याई अन्य देशका मानिसहरूबाट सिक्किमेहरूको सुरक्षा बनाइराख्न 'सिक्किम सब्जेक्ट' दिलायो । सन् १९७५ मा सिक्किम भारतसित मिल्न गएपछि पनि सिक्किम सब्जेक्टले भारतीय नागरिक सरह मान्यता पाइरहेकै छ । यी तीन जातिहरू-लेप्चा, भोटिया औ नेपालीहरू बाहेक कतिपय व्यापारीवर्ग पनि सर टासी नामगेलको पालादेखि शहरमा केही संख्यामा बस्दै आएका थिए । सिक्किम भारतमा सम्मिलित भएपश्चात यसो राज्यको सम्पूर्ण व्यापार वाणिज्य तिनीहरूकै हातमा आएको छ । यस बाहेक विभिन्न सरकारी सेवामा पनि तिनीहरूको संख्या निकै देखिन्छ ।

सिक्किमका सम्पूर्ण गाउँ-वस्तीमा छरिएर शदियौंदेखि बसेका लेप्चा, भोटिया, नेपालीहरू कुसंस्कार, अन्धविश्वास, गरीबी तथा अशिक्षा जस्ता व्यापक दबावबाट युग-युग दबिएर बस्नुपरे पनि प्राकृतिक तादात्मयताले गर्दा तिनीहरू सबैमा मानसिक सोच विचार, आचार व्यवहारदेखि लिएर संस्कृतिहरूमा समेत धेरै समानता देखिन्छ । प्रमाणस्वरूप हिमालप्रति श्रद्धा चढ़ाउने यिनीहरूको साधारण मानसिकतालाई देहायमा दिइन्छ -

लेप्चा जातिहरूको विश्वास अनुसार कलियुगमा छल कपट, लुटमार, भ्रष्टाचार एवं अनेक प्रकारका संकटपूर्ण परिस्थितिले जब मानिसहरू आपस्तमा काटमार गरी एक दिन विश्व नै जनशून्य हुने अवस्थामा आइपुग्छ तब कञ्चनजंघाबाट आफ्ना इष्टदेव टासिथिंगले आएर लेप्चाहरूलाई विश्व आवादको निम्ति फेरि संसारमा छोडिदिनेछन् । यसैकारण लेप्चा जातिहरूका निम्ति हिमाल पूजनीय भएको छ ।

बौद्ध धर्मावलम्बीहरू कञ्चनजंघालाई पाँच अमूल्य मणि र धर्मको खानीको रूपमा श्रद्धा भक्ति चढ़ाउँछन् । राजा महाराजको पालादेखि नै 'लाबाब डुचेन' हिमाल पुज्ने दिन भनेर सरकारी छुट्टि घोषणा गरिन्छ भने त्यसरी नै नेपालीहरूले पनि परापूर्वकालदेखि नै हिमाल तथा पहाड़लाई कैलाश पर्वत आदि भन्दै देवी, देवताको प्रतीक मानेर आइरहेको सत्य कुराको आधारमा विभिन्न कथाहरू पाइन्छन् ।

यस्तै धार्मिक, साँस्कृतिक तादात्मयता र व्यापकरूपमा फैलँदै गएको वैवाहिक सम्बन्धले पनि तिनीहरू सबै जिउँदाको जन्त, मर्दाको मलामी भएर साम्प्रदायिक सद्भावनामा बाँचेका छन् ।

## भाषा

नामगेल वंशीय राजाहरूको पालामा तिव्बती भाषा दरवारको भाषा थियो । इष्ट इण्डिया कम्पनीको प्रभावपश्चात यहाँ अंग्रेजी भाषाको पनि महत्व बढ्दै गयो । राजा स्वयं अंग्रेजी शिक्षा प्राप्त गरेर फर्कन्थे । पछि अंग्रेजहरूले सिक्किमको प्रशासनमा हात बढाउन थालेपछि अंग्रेजी नै प्रशासनको भाषा बन्न गयो । दरवारले त्यस ताक गाउँ वस्तीतिर सन्देश पठाउँदा भने नेपाली र तिव्बती भाषाहरूको प्रयोग गरेको देखिन्छ । तत्कालीन सरकारी दस्तावेजहरू गाउँ घरतिर आज पनि प्रमाणस्वरूप देख्न पाइन्छ । सिक्किमको मुद्रामा समेत यी दुवै भाषाहरू प्रयोग गरिएको कुरा गान्तोकस्थित टिबेटोलोजीमा राखिएका मुद्राहरूले आजपर्यन्त दिइरहेकै छन् ।

सन् १९७५ देखि यसो सिक्किम विधान सभाले नेपाली, लिम्बु, भोटिया, लेप्चा भाषाहरूलाई राज्य स्तर रूपमा मान्यता दिलाएपछि यी भाषाहरूमा पाठय-पुस्तहरू पनि तयार गरियो र पाठशालाहरूतिर प्रयोगमा ल्याइयो । नेपाली पाठय-पुस्तकको सम्बन्धमा भन्नु पर्दा जनसाधारण सबैले यो साझे भाषाको रूपमा सिक्किममा शदियौंदेखि प्रयोग गर्दै आएको बहुप्रचलित भाषा मात्र होइन तर पूर्ण विकसित पनि हुनाले शिक्षा विभाग अस्तित्वमा आउन भन्दा अघिबाटै पाठशालाहरूमा माध्यमको रूपमा यो चल्दै आएको थियो । २० अगष्ट १९९२ मा यसलाई भारतको संविधानले समेत राष्ट्रियरूपमा मान्यता प्रदान गऱ्यो ।

सन् १९९५ को विधान सभा सत्रले नेवार, गुरूङ, मगर, राई (बन्तावा), शेर्पा, तामाङ त्यसपछि सुनुवार भाषाहरूलाई समेत राज्य स्तरमा मान्यता दिलायो । यहाँ के उल्लेख गर्न सकिन्छ भने विगतमा सिक्किम विधान सभा सत्रले लेप्चा, लिम्बु तथा भोटिया भाषालाई राज्य स्तररूपमा मान्यता दिलाएपश्चात यिनीहरूले आफ्नो साँस्कृतिक परिप्रेक्ष्यमा उन्नति गर्दै लगे पनि व्यवहारिक हिसाबले हेर्दा यी जम्मै मानिसहरू नेपाली भाषी लाग्दछन् ।

## धर्म एवं संस्कृति

राज्यको प्रमुख धर्म जनसंख्याको आधारमा भन्नु हो भने आज हिन्दू धर्म नै देखिन्छ । बौद्ध धर्म नामगेल वंशीय राजाहरूको पालामा मुख्य र प्रचलित धर्म थियो । सिक्किममा ईशाई धर्मको पनि निकै प्रभुत्व देखिन्छ भने कहीं कही मस्जिद पनि देखिन्छ । यी जम्मै धर्म सम्बन्धित मुख्य पर्व तथा उत्सवादिलाई राज्य सरकरले मान्यता दिई सरकारी बिंदा समेत घोषणा गर्दै आएको छ । यिनीहरूमध्ये भोटिया, लेप्चा, नेपाली एवं व्यापारीवर्गको आफ्नै प्रकारको वेश-भुषा भए तापनि विशेष अवसर बाहेक अन्यत्र प्रयोगमा आएको विरलै देखिन्छ । वास्तवमा सिक्किमे जन-जीवनमा सत्यवादिता, इमान्दारीपन र धर्मभीरूता नै आजको संस्कृति बन्न लागेको देखिन्छ ।

## आर्थिक परिस्थिति

सिक्किमको मुख्य व्यवसाय खेतीपाती हो । भिरालो मुलुक र जलवायु अनुकूल नपर्नाले यहाँको खेतीपाती परिश्रम र लगानीको अनुपातमा थोरै मात्र लाभकारी सिद्ध हुन्छ । उद्योग धन्दा पनि यातायातको असुविधाले गर्दा विकास गरेर लैजान सम्भव भइरहेको छैन । राज्यको आयको मूलश्रोत सरकारी सेवा र ठीकादारी नै मुख्य देखिन्छ । यहाँको आर्थिक परिस्थितिलाई स्पष्ट पार्न ब्युरियो अफ इकोनोमिक्स, तथ्यांक विभाग (सिक्किम) ले सन् १९९४ मा प्रकाशित गरेको पैसाको मूल्यमा आएको ह्रासलाई यहाँ तल जस्ताको तस्तै राखिएको छ ।

| वर्ष | सारा भारत वर्ष क्षेत्र | सिक्किम |
|---|---|---|
| १९८२ | १०० पैसा | १०० पैसा |
| १९८३ | ८५ | ८४ |
| १९८४ | ८१ | ७४ |
| १९८५ | ७५ | ६६ |
| १९८६ | ६९ | ६० |
| १९८७ | ६३ | ५२ |

| | | |
|---|---|---|
| १९८८ | ६० | ५० |
| १९९० | ५० | ४७ |
| १९९० | ५० | ४० |
| १९९१ | ४४ | ३८ |
| १९९२ | ४२ | ३७ |
| १९९३ | ४० | ३४ |

यस सूचिकांकले के बताउँछ भने भारतका अन्य यातायात सुविधा क्षेत्रभन्दा अन्य कतिपय कारणहरूले गर्दा सिक्किममा खानेकुरादेखि लिएर सबै वस्तुहरूको दाम महंगो पर्न जान्छ । त्यसैले गर्दा पैसाको मोलमा यहाँ दिनोदिन ह्रास आएको स्पष्ट देखिन्छ ।

संक्षेपमा राज्यका सम्पूर्ण पञ्च वर्षिय योजना तर्जुमाको निम्ति माथि उल्लेखित यी जम्मै बुँदाहरूमाथि राम्ररी अध्ययन गर्नुपर्ने देखिन्छ । शिक्षामा गुणात्मकता र भने जस्तो सुधार आए मात्र अन्य क्षेत्रको विकासको अपेक्षा राख्न सकिन्छ । शिक्षाद्वारा नै असल नागरिकको जन्म भई राष्ट्रियता र अन्तर्राष्ट्रियतामा निश्चिन्त भई युगौंयुग बाँच्न सकिनेछ ।

# सिक्किमका प्रारम्भिककालका पाठशालाहरू

तत्कालीन सिक्किमका राजा महाराजाहरूको ध्यान आफ्ना प्रशासनलाई दह्रिलो बनाउनु मात्र होइन यहाँको स्वतन्त्रतालाई पनि बाहिरी हस्तक्षेपदेखि सदाकाल बचाइराख्नुतिर बढ्दा गएको देखिन्छ । अर्कोतिर देशलाई गरीबीदेखि बचाउन आर्थिक सुधारको आवश्यकता थियो । भौगोलिक विकटता र यातायातको समस्याले गर्दा तिनीहरूलाई अन्य देशसित व्यापारिक सम्बन्ध चलाइराख्न हम्मे परेको थियो । इष्ट इण्डिया कम्पनीको प्रभावले गर्दा सिक्किमले त्यसबेला कदम कदममा त्रासपूर्ण स्थितिको सामना गर्नु परिरहेको थियो । खेतीपातीबाट जति उब्जनी हुन्थ्यो वास्तवमा त्यही मात्र देशको आय थियो । कम्पनी रूपियाँ त्यसबेला प्रचलनमा थियो । यसो हुँदा त्यसबेला देशको आर्थिक अवस्था अत्यन्त सोचनीय भएको थियो ।

सन् १९४९- ५० सम्म पनि टिस्टा रम्फू हुँदै गान्तोक राजधानी भित्रिने एउटा साधारण गाड़ीको बाटो बाहेक अन्य कुनै त्यस्तो ठूलो सड़क निर्माण भएकै थिएन । जिपसम्म मरीतरी हिंड्न सक्ने बाटाहरू समेत थोरै थिए । खाद्य-पदार्थ तथा अन्य सामानहरू ल्याउन, लैजान घोड़ा, गधा, खच्चर तथा गोरू-गाड़ीहरू प्रयोगमा ल्याइन्थे ।

जुनै पनि देशमा सामाजिक, आर्थिक, राजनैतिक विकासका निम्ति जनजीवनमा जागरूकता र सचेतना दिलाउन शिक्षाको महत्व सर्वोपरी हुन्छ । शिक्षाले नै व्यक्तिलाई अन्धकारबाट उज्यालोतिर लैजान्छ र यस्तो प्रकाश पाइसकेका व्यक्तिहरूबाट मात्र समाज, देशको सम्मुन्नति सम्भव हुन सक्ने आशा राख्न सकिन्छ । आफ्नै प्रकारको फोस्रो स्वतन्त्रतामा धक फुकाई अर्कोतिर आफ्नो आर्थिक, सामाजिक एवं राजनैतिक विकासमा आँखा चिम्ली जुम्सो भएर कुनै पनि देश आजको यो स्थितिमा कदापि बाँच्न सक्तैन । देशका जनताले बड़ो धैर्यपूर्वक विकास कार्यक्रममा आफूलाई होमिदिएर परिश्रममा चुर्लुम्म

नडुविदिएसम्म देशको आर्थिक अवस्थामा परिवर्तन आउन कठिन पर्छ । देश विकास भन्ने कुरा केवल भाषण र कोरा भावुकताले मात्र गर्न खोज्नु अन्धकारमा छाम-छाम छुम-छुम गर्नु मात्र हो । यसर्थ युगानुकूल परिस्थितिसित काँधमा काँध मिलाई बड़ो धैर्यसाथ स्वयंले आफ्नो बाटो तयार पार्न शिक्षा जस्तो महत्वपूर्ण साधनलाई युक्तिसंगत रूपमा उपयोग गर्नु बढ़ी बुद्धिमता ठर्हछ ।

अक्सफर्ड विश्वविद्यालयबाट पढ़ेर फर्केका सिङ्क्योंग नामगेल जस्ता पछिल्ला पींढ़ीका सिक्किमका राजा, महाराजा तथा राजकुमारहरू देशदेखि बाहिर लब्ध प्रतिष्ठित विद्यालयहरूबाट शिक्षा लाभ गरी आएपछि देशको त्यो अन्धकारमय वातावरण देखेर स्वयं छटपटिन्थे । उदाहरणस्वरूप स्वयं युवराज पाल्जर नामगेलको विषयमा राज्यका मानिसहरूले धेरै प्रकारका कुराहरू गरेको अझै पनि सुनिन्छ । तिनको पनि सिक्किमलाई चाँड़ै विकास मार्गमा लैजाने उत्कट इच्छा थियो । भनिन्छ, तिनको सहानुभूति सिक्किमको गरीबी र दुःखमा बाँचिरहेका कृषकहरूप्रति थियो तर तत्कालीन ठीकादारी अर्थात सामन्तीहरूसित भने तिनको पटक्क मेल थिएन । सानै उमेरमा तिनको असामयिक देहान्त भएकोले गर्दा सिक्किमको भाग्यलाई त्यसबेला तुवाँलोले छोपे झैं भयो । राजा महाराजाहरूलाई पनि देशको प्रतिकूल आर्थिक अवस्थाले गर्दा हात बाँधी कुजिएरै बस्न परेको मुख्य कारण राज्यका प्रायः जम्मै मानिस अशिक्षित भएकोले गर्दा नै थियो । पछिल्लो प्रशासन गाउँ-वस्तीस्थित ठीकादारहरूको सहायताले नै अप्रत्यक्षरूपले चलिरहेको थियो । सिक्किम सरकार अर्थात दरवारले जनकल्याणर्थ स्वास्थ्य, शिक्षा, कृषि लगायत अन्य विषयमा धेरै लगानी गर्न सक्तैनथ्यो औ इष्ट इण्डिया कम्पनीले यद्यपि सिक्किमलाई आफ्नो बढ्दो प्रभावमा राखे पनि सिक्किमेहरूको हितार्थ कुनै कदम नउठाएकोबाट सिक्किमप्रति तिनीहरूको कुन दृष्टिकोण थियो थाहा पाउन सकिन्छ ।

शिक्षाको प्रसंगमा कुरा गर्दा गान्तोकमा भोटिया बोर्डिक स्कूल र नेपाली बोर्डिङ नामक दुई एम.ई. स्कूलहरू सन् १९२० भन्दा अघिबाटै अस्तित्वमा थिए । नेपाली बोर्डिङ स्कूल आजको लालबजारमा थियो भने भोटिया बोर्डिङ स्कूल बालुवा-खानी छेउमा अवस्थित थियो । दुवै स्कूलको देखरेख सोझै दरवारबाट भएको थाहा लाग्छ । सन् १९२५ मा यी दुवै स्कूलहरूलाई मिलाएर सर टासी नामगेल हाई स्कूल बनियो । सिक्किमको इतिहासमा सन् १९०६ मा पहिलो

अंग्रेजी माध्यम स्कूल गान्तोकमा खोलियो भनेर लेखिएको छ । त्यो भोटिया बोर्डिङ स्कूलकै प्रसंगमा थियो कि भन्ने अन्जाम गर्न सकिन्छ ।

रश्मिप्रसाद आले त्यसबेला नेपाली बोर्डिङ स्कूलका प्रधान अध्यापक थिए । दुवै स्कूललाई माथि उल्लेख गरेझैं मिलाएर हाईस्कूलमा परिणत भएपछि प्रधान अध्यापकको पद सम्हाल्न तत्कालीन सिक्किमका न्यायिक सचिव (Judicial secretary) सी.ई. डड्ली नामक एक अंग्रेज आए । यहाँ ध्यान राख्न पर्ने कुरा के छ भने सन् १९५४ सम्मै दरवारले शिक्षा विषयका मामला दरवारस्थित न्यायिक विभागबाट हेर्ने गर्दथ्यो । सन् १९४९ तिर थोरै दिनका निम्ति राज्य शासन जनप्रतिनिधिहरूको हातमा आए पनि पछि त्यो केही कालका निम्ति दरवारतिरै फर्केर गयो ।

रश्मिप्रसाद आले सन् १९२० देखि १९४१ सम्म शिक्षकको रूपमा देखिन्छ । काशीराज प्रधान पनि सन् १९३० देखि १९४० सम्म सर टासी नामगेल हाईस्कूलमा तिनीहरूसँगै सहायक शिक्षक भएर रहेका थिए । आले मात्र आई. ए. पास थिए औ प्रधान बी.ए.बी.टी. थिए । त्यसो हुँदा सन् १९४१ देखि १९४६ सम्म काशीराज प्रधान, प्रधान-अध्यापकको उत्तरदायित्व सम्हाल्न पुगे । यी दुवै शिक्षकहरूले नोकरी छोड़ी सन् १९४७ देखि चलेको देशव्यापी जन आन्दोलनमा सक्रियरूपमा भाग लिएका थिए ।

सन् १९५० को छेउछाउ उक्त हाईस्कूलका शिक्षकहरूमध्ये यूनारायण प्रधान, रणबहादुर राई, मणिनारायण प्रधान, काटुक लामा, ए. के. सरकार, तरफदार, बृजनन्दन, एच. ए. पिग्यूक, बी.एन. सिंह, तुलसी बहादुर क्षेत्री, निमा वङदी टारगेन, शिवनाथ मिश्र, अगमसिंह तामाङ, पदमसिंह सुब्बा, आत्माराम, सन्तबीर लिम्बु, भूपाल लामिछाने, मनबहादुर सुब्बा, जयबीर सुब्बा, सेन गुप्त, रामदत्तलाल ठाकुर आदि थिए भन्ने प्रमाण लाग्दछ ।

कालान्तरमा यूनारायण प्रधान वेस्ट पोइन्ट स्कूल (गान्तोक) का प्रधान-अध्यापक हुन पुगे औ सेवामुक्त नभएसम्म तिनी यहीं रहेका थिए । त्यसबेला उक्त वेस्ट पोइन्ट स्कूल प्राथमिक पाठशाला स्तरमा सञ्चालित थियो । निमा वङदी टारगेन अध्ययनपश्चात कालिम्पोंगस्थित एस.यु. एम. आई. तिर लागे । पदमसिंह सुब्बा अध्ययन पश्चात स्कूल छोड़ी अन्य सरकारी सेवामा लागेर अतिरिक्त सचिव पदमा पुगी पछि सेवा निवृत्त भए । रामदत्तलाल ठाकुर

गान्तोकको वेस्ट पोइन्ट स्कूलमै शिक्षकको रूपमा रही राष्ट्रिय पुरस्कारले सम्मानित भए । मन बहादुर सुब्बा उसै ता फौजी थिए, पछि बजार विभागमा वरिष्ठ निरीक्षक पदमा पुगी सेवा निवृत्त भई समाज सेवातिर लागे । तिनैको अथक परिश्रमले गर्दा आफ्नो गाउँ श्रीप्रताम यांगांग (दक्षिण सिक्किम) मा सन् १९७७ तिर प्राथमिक पाठशाला खुलियो । सन्तवीर लिम्बु इञ्जिनियर बने औ जयवीर सुब्बा गान्तोक शिक्षा निदेशालयमा सह निदेशक भएका थिए । अगमसिंह तामाङ १९५३ मा नाम्चीतिर सरूवा लिएर हिंड़े औ समाज सेवा र सरकारी ठीकादारीमा जीवन बिताए । वास्तवमा नाम्ची उच्चतर माध्यमिक पाठशालालाई औपचारिकरूप दिनमा तिनको ठूलो योगदानरहेको छ । तुलसीबहादुर क्षेत्री प्राध्यापकको रूपमा दार्जिलिङ हिंडे । पछि तिनी उत्तर - बंग विश्वविद्यालयमा नेपाली विभाग प्रमुख बने औ विद्यावारिधि (डाक्टरेट) उपाधि प्राप्तपश्चात् तिनलाई 'कर्ण-कुन्ती' नामक खण्ड-काव्यका निम्ति नेपाली साहित्यमा राष्ट्रिय एकादमी पुरस्कार मिल्यो ।

यसरी सर टासी नामगेल हाईस्कूलमा सेवा पुऱ्याउने अनेकौं शिक्षकहरू शिक्षक मात्र नरही सरकारी अन्य सेवामा पनि रहेको देखिन्छ । पुरानो शिक्षकहरू विगतमा कति थिए ती जम्मैको नामावली दिएर साध्य नहोला तथापि उक्त पाठशालामा अध्ययन गर्न आउने विद्यार्थीहरू नै पछि धेरै कालसम्म सिक्किमको सरकारी सेवामा छाइरहे ।

त्यस बेलाको शिक्षाको गतिविधिबारे बुझ्न राम 'अपतन' लिखित 'रश्मि प्रसाद आले' नामक लेख (श्रष्टा वर्ष १० अंक २५) लाई जस्ताको तस्तै यहाँ राखिन्छ -

'सरकारी स्कूलमा यहाँ चौथो श्रेणीसम्म शिक्षा नि:शुल्क थियो । पाचौं श्रेणीमा पुग्ने विद्यार्थीले आठ आना प्रति महिनाको दरले तिर्न शुरू गर्नुपर्थ्यो औ दशौं श्रेणीमा पुग्दा यो तीन रूपियाँ हुन जान्थ्यो । भन्छौं, शिक्षा सस्तो थियो अरे । हो, हालमा जस्तो स्कूल ड्रेस थिएन, न थियो किताब न प्रशस्त कागज, सक्दो रटाइन्थ्यो, थोत्रे भए पनि लुगा लगाएर स्कूल पठाइन्थ्यो, परीक्षा मौखिक हुन्थ्यो प्रश्नोत्तर माध्यम बनाएर ।'

रामदत्तलाल ठाकुर (राम 'अपतन') त्यसबेला सर टासी नामगेल हाई स्कूल पढ्दा तुलसीबहादुर क्षेत्री, पदमसिंह सुब्बा, शिवनाथ मिश्र तिनका

शिक्षकहरू थिए । यो सन् १९४६ छेउछाउको कुरा हो । तिनी त्यही पढ़ेर पछि त्यही स्कूलमा शिक्षक भएका थिए । त्यसैकारण त्यसबेलाको आठ आना सन् १९८९ को वेला ९६ रूपियाँ पर्ने तिनको भनाइ छ साथै यस कुराले त्यस बेलाको शिक्षा कदापि सस्तो थिएन भन्ने स्पष्ट हुन्छ ।

भोटिया बोर्डिक स्कूलमा त्यसबेला तिब्वती औ नेपाली बोडिँङ स्कूलमा नेपाली र हिन्दी माध्यमले अध्ययन-अध्यापन गरिन्थ्यो भन्ने कुरा पनि उक्त लेखबाटै थाहा पाउन सकिन्छ ।

सिक्किमका नामगेल वंशीय छादोर नामक राजाले सन्तानमा माहिलो अथवा जेठो बाहेक अन्य छोरोलाई बौद्ध धर्मको दीक्षा लिनुपर्छ भन्ने एउटा साधारण नियम बनाइदिएपछि गुम्बा, एक प्रकार शिक्षाको केन्द्र बन्न गयो तथापि त्यो बौद्ध धर्ममै सीमित थियो कि भन्ने लाग्दछ । यसै सन्दर्भमा पेमियोङची, इन्चे, साङगाछोलिन, फोदोंग, टासिडिङ, रूम्तेक, टेन्डोङ तथा अन्य गुम्बाहरू विद्याको केन्द्र बने । सन् १९५४-६२ तिर तिब्वती भाषा-शिक्षकको नियुक्ति हुँदा धेरै जसो इन्चे गुम्बा पढ्ने विद्यार्थीहरू नै बढ्ता देखिन्थे । त्यस बेला तिनीहरूको योग्यता कति, के हो ? भनेर सोध्दा 'हामी इन्चे पास हौं' भन्ने गर्थे । प्रारम्भमा यहाँ छ वर्षको अवधिसम्म पढ़ाइ हुन्थ्यो भन्ने थाहा लाग्छ ।

जहाँसम्म यो तिब्वती भाषा साहित्यलाई पाठशालाहरूतिर अध्यापन गर्ने व्यवस्था गरियो त्यहाँ व्याकरणादिको परिचय गराए तापनि धर्म सम्बन्धित विषयको नै प्रमुखता रहन्थ्यो । त्यसैले यसमा लोक साँस्कृतिक तथा सामाजिकताको उल्लेखभन्दा बढ्दा शास्त्रीयता हुनाले गुम्बामा पढेर आउने शिक्षकहरूले नै यसको अंगभर लिनु पर्दथ्यो ।

जे होस्, सिक्किमको शिक्षा सम्बन्धी पुरानो इतिहासमा गुम्बा-शिक्षालाई नै महत्वपूर्ण मान्नु पर्दछ । प्रारम्भदेखि नै तिब्वती भाषा दरवारको भाषा हुनाले यसको प्रधानता सर्वोपरी लाग्दथ्यो तर गाउँ-घर बस्तीतिर भने गुम्बामा अध्ययन गरी फर्केपछि ती विद्यार्थी (लामा) हरू आफ्नै धर्म-कर्म र गृहस्थी जीवनमा संलग्न रहन्थे ।

तिब्वती भाषा धर्म-कर्मका निम्ति शास्त्रीय भाषा थियो । व्याकरणादिहरूको नियमहरूले गर्दा यो त्यति सजिलो भाषा भने अवश्य थिएन ।

सिक्किमका भोटिया, लेप्चाहरूले यसलाई जतिकै आदर, सत्कार र भक्ति भावनाको दृष्टिकोणले हेरे पनि व्यवहारमा भने तिनीहरूको आफ्नै भोटिया तथा लेप्चा मातृभाषाहरू थिए । त्यसैकारण गाउँ बस्तीतिर तिब्बती भाषाको जति सुकै प्रचार र प्रसार भए पनि यहाँको जनजिब्रोभित्र यसले प्रश्रय पाउन सकेन । शिक्षा विभागको स्थापनाकाल सन् १९५४ देखि नै भोटिया, लेप्चा विद्यार्थीहरूका निम्ति अध्ययनार्थ तिब्बती भाषा अनिवार्यरूपले राखिएको थियो तर भोटिया, लेप्चा भाषाले सन् १९७७ मा राज्यस्तर मान्यता पाएपछि यसले अब मात्र वैकल्पिकरूप लियो ।

संक्षेपमा भन्नु पर्दा बौद्ध धर्म सिक्किमको प्रमुख धर्म हुनाले राजा महाराजा स्वयं बौद्ध धर्म सम्बन्धी शिक्षा दीक्षा लिन्थे । सम्भवत: नैतिकता, कर्त्तव्यबोध, सेवाभाव र धर्म सम्बन्धको आधारमा तिब्बती भाषालाई दरवारले मुख्यरूपले स्वीकार गरेको थियो भन्ने अनुमान हुन्छ ।

त्यस बेलाको बौद्ध धर्म सम्बन्धी अध्ययन केन्द्रहरूमध्ये इन्चे स्कूल साठीको दशकमा केन्द्र सरकारले सहयोग मागे अनुसार तिब्बती शरणार्थीहरूका छोराछोरीहरू पढ्ने उच्चतर माध्यमिक पाठशालामा परिणत भयो । मधुसुधन सिंह प्राचार्य (पछि शिक्षा निदेशक) को रूपमा सर्वप्रथम इन्चेमा नै आएका थिए । त्यसपछि कुनै कारणवश केन्द्रले तिब्बती शरणार्थीहरूका छोराछोरीहरूलाई अन्यत्र सारेपछि यो स्कूल फेरि सिक्किम सरकार मातहत आयो ।

गुम्बाको शिक्षापश्चात् ईशाई मिसनरीहरूले खोलेका स्कूलहरूको नाम आउँदछ । सन् १८८३ मा पाद्री मेकफर्लेनको नेतृत्वमा स्कटिस मिसनले गान्तोकमा कही एउटा स्कूल खोलिराखेका थिए भन्ने सुनिन्छ । तर धेरैले यसबारे शंका गरेका छन् । सन् १९२५ मा अस्तित्वमा आएको चर्च अफ नर्दन इण्डिया मिसनबाट सञ्चालित बालिका पाठशाला, पाल्जर नामगेल कन्या पाठशाला नामाकरणमा १९४४ देखि सुचारूरूपले चलन थाल्यो । आज यो उक्त मिसनबाटै सञ्चालित भए तापानि सिक्किम सरकार शिक्षा विभागले आर्थिक सहयोग दिदै आइरहेछ । बाह्रौं कक्षासम्मको पढाइ जसमध्ये कला, विज्ञान, वाणिज्य तथा व्यवसायिक शिक्षा साथसाथै यहाँ मानसिकरूपले अविकसित लाटा, बहिरालाई पनि शिक्षा दिइने प्रबन्ध छ ।

त्यस बेला गान्तोक बाहेक सिक्किमका अन्य गाउँ बस्तीहरूतिर पनि विभिन्न संस्थागत ईशाई मिसनरीहरूले स्कूलहरू खोलिराखेका थिए ।

पश्चिम सिक्किमस्थित टिम्बुरबुङ पाठशालाको स्वर्ण अवसरमा प्रकाशित पुस्तिकामा श्री पदमसिंह सुब्बाद्वारा लिखित 'टिम्बुरबुङ स्कूलको स्थापना' नामक लेख प्रकाशमा आएको छ । उक्त लेखमा उनले 'यस्ता मिसनरी स्कूलहरू सिक्किम राज्यमा त्यस बेला (सन् १९४३ भन्दा अघिबाटै - लेखक) गान्तोक, रिनाक, वोक, देन्ताम, पाक्योंग, सदाम, नामथांग, तिमी, च्याखङ, सोरेंग तथा अन्य स्थानहरूमा पनि सञ्चालित थिए' भनी लेखेका छन् ।

यस बाहेक फिनिस मिसनरीहरूले खाम्दोंग, साङ, लाचेन औ मंगनमा पनि स्कूल खोलेका थिए । स्कटिस मिस नले खोलेको सदाम स्कूलको स्थापनाकाल सन् १८८६ लेखिएको छ । त्यसको लगत्तैपछि नामथांगमा पनि स्कूल खोलिएको थियो भन्ने सुनिएको छ । थाहा पाए अनुसार सन् १९३७ मा त्यस स्कूलमा प्रधान अध्यापक दीदा लेप्चा थिए । तिनलाई लेप्चा भाषा-साहित्य र लिपिको राम्रो ज्ञान थियो ।

त्यसरी नै वोक (दक्षिण सिक्किम) सन् १८९० मा मैकरलैण्ड नामक अंग्रेजबाट स्थापना भएको कुरा त्यहाँका बुढ़ा-पाकाहरूले अझै पनि सम्झना गरिराखेकै छन् ।

पाक्यांगमा जुन मिसन स्कूलको माथि उल्लेख गरियो त्यसको स्थापनाकाल पनि सन् १९०० को छेउछाउमै भएको थियो कि भन्ने अनुमान हुन्छ । यहींबाट अध्ययन समाप्त गरी विद्यार्थीहरू धेरैले गान्तोक स्कूलमा भर्ना पाउँदथे ।

गाउँका बृद्ध मानिसहरूको भनाइ अनुसार यी मिसनरीहरूको मुख्य उद्देश्य खीष्ट धर्म प्रचार गर्नु थियो । सबैले बाइबल पढुन् अथवा पढ्न सकून् भन्ने तिनीहरूको विचार थियो । गाउँ-बस्तीतिर जहाँ स्कूलहरू स्थापित गरिएका थिए आइतबार-आइतबार त्यहीं खीष्टको महिमा गाउँदथे भने त्यहीं नै अपठित व्यक्तिहरूलाई पनि अक्षर ज्ञान दिइन्थ्यो । यसैलाई तिनीहरू आइतबारे स्कूल (Sunday school) भन्ने गर्दथे । ईशाई धर्ममा प्रवेश पाएका मानिसहरू मात्र होइन त्यसबाट सबैले लाभ उठाउँदथे ।

त्यस बेला अक्षर ज्ञान पाउनु नै दुर्लभ कुरा मानिन्थ्यो । गाउँ-बस्तीतिर पाठशाला नहुँदा कखरा तथा बाह्रखरी मात्र जानेकाले एका अर्कालाई सिकाएको कुरा र बीरसिक्का एवं तोता-मैनाको कथा तथा भानुभक्तीय रामायण स्वर मिलाएर गाएकै भरमा पढ्न जानेका कुरा बूढ़ा-पाकाहरू आफ्ना बाबु, बाजेले त्यसरी पढ़ेका थिए रे भन्ने धेरै किस्साहरू आज पनि सुनाउने गर्छन् ।

तिमी (दक्षिण सिक्किम) गाउँमा यी ईशाई मिसनरीहरूले स्कूल बाहेक लुगा बुन्ने, सिउने तथा हस्तकला उद्योग पनि खोलेका थिए । त्यसको स्थापनाकाल पनि सन् १९०० को छेउछाउमै थियो कि भन्ने थाहा लाग्छ । त्यहाँ सरकारी पाठशालाको स्थापना सन् १९४६ पछि त्यो मिसनरी स्कूल स्वयं उठ्यो । तिनीहरूले छोड्को ठूलो भवन सिक्किम सरकारले धेरै कालसम्म बन विभागलाई सुम्पेको थियो, पछि तिमीमा चियाको खेती शुरू गरेपछि यो चिया बगानको अधीनमा आयो । सम्भवत: त्यस बेलासम्म अंग्रेज मिसनरीहरूले सिक्किममा प्रारम्भ गरेको ठूलो शैक्षिक योजनाहरूमध्ये यो नै सबैभन्दा ठूलो थियो ।

ईशाई मिसनरीहरूले खोलिराखेको प्रारम्भिक पाठशाला र त्यस बेला नीजिरूपमा चलेका स्कूलहरूको सन्दर्भमा श्री डी.पी. राजालिम (भू.पू. काउन्सिलर) ले आफ्ना पुस्तक 'अतीत र वर्तमान' मा आफ्नो बाल्यकाल बारे यसरी लेखेका छन् -

'गाउँका कतिपय धार्मिक प्रवृत्तिका बुढा-पाकाले अशिक्षित नै भए पनि ठीकादारी शासनमा पिंधिदा शिक्षाको महत्वबारे केही बुझेका थिए । एकदिन सबै बुढा-पाका भेला भएर सुन्दरसिंह थपलियालाई शिक्षकको रूपमा नियुक्त गरे । मेरा काका स्वर्गीय विष्णुदासको घरको सिकुवा (बेन बस्ती) मा पढ्ने, पढ़ाउने व्यवस्था मिलाए । म पनि अन्य गाउँले साथीहरूसित पढ्न जान थालें । पढ्न जाने छात्रले ढुंगाको खरी, पाटी अनि खोसेलाको पीरा बोकेर जानु पर्थ्यो । त्यस बेला पढ्ने छात्रको संख्या ५/६ जना मात्र हुन्थ्यो । वर्षको अन्तमा चारसम्मको पहाड़ा मुखस्थ गरिसकें । दिन, गते, बार, तिथि पढ़ाइन्थ्यो । ग्रह नक्षत्रहरू - जस्तै चु, चे, चो, ला अश्विनी, लु, ले, ली, ला - भरूणी भन्ने पाठ पढ़िसकें । मसिना नानीहरूलाई खोसेलाको पीरामा राखेर भूईंमा मास्टरले लेखिदिएका ठूला ठूला साउँ - अक्षरको माथिबाट मकैका दाना अथवा मसिना ढुंगा राख्नु पर्थ्यो ।

अलिक ठूलो र जान्ने भएपछि ढुंगाको कालो स्लेटमा खरी-ढुंगाले लेख्न लाउँदथे । हिज आजको जस्तो स्कूल भर्ना भएकै दिनमा पेन्सिल, फाउन्टेन पेन, कलम-मसीको त्यस बेला जन्म नै भएको थिएन भन्दा हुन्छ । पाठ्य-पुस्तकको नाममा काशीवहादुर श्रेष्ठको बनारसबाट प्रकाशित 'ठूलो वर्णमाला' नाम भएको एउटै पुस्तक सानो कक्षादेखि निकै ठूलो कक्षामा पुगुन्जेल पढ़ाइन्थ्यो । त्यस पुस्तकमा अंग्रेजी साउँ-अक्षर, नेपाली साउँ-अक्षर, गणित जोड़, घटाऊ, गुणा, भाग इत्यादि समावेश थियो । त्यस बेलाका नानीहरूलाई नेपाली साउँ-अक्षर सिकाउने तरिका पनि कति राम्रो ! जस्तै - कपूरी - क, खरायो - ख, गाई गोड़े - ग, घर जस्तो - घ, मासगेड़ी - ङ, चरी-चुच्चे - च, छपनी - छ, डाडु जस्तो ज ........., तर्साउने त्र, गोरूसिंगे - ञ, छोरी बोक्यो - फ र ज्ञानी - ज्ञ इत्यादि । ठूलो वर्णमाला छिचोलेपछि दोस्रो कक्षाको बराबरी राखिन्थ्यो । शिक्षकलाई त्यस समय 'सर' नभनेर 'मास्टरजी' भनी सम्बोधन गरिन्थ्यो । शिक्षकको मासिक वेतन प्रत्येक छात्रका अभिभावकबाट एक मोहर (आठ आना) गरी उठाइन्थ्यो । पाठशालामा प्रथम प्रवेश (Admission) फिसको रूपमा चामल, दाल, नून्-तेल, साग-सब्जी जे लगे पनि हुन्थ्यो । पालो गरी गरी दैनिक भोजन मास्टरलाई जुटाइदिनु पर्थ्यो ।

त्यस समयमा छोरीलाई पढ़ाउनु हुँदैन, बोक्सी हुन्छन् भन्ने अन्धविश्वास जन-साधारणमा विद्यमान थियो । त्यस्तो समाजको व्यवस्थाले गर्दा पढ्ने छात्रहरूको संख्या कम हुन्थ्यो र शिक्षकको वेतन साथै खाद्य-पदार्थको अभाव एवं समस्याहरू खड़ा हुन्थे । मलाई राम्ररी थाहा छ, त्यस बेलाको पाठशाला भेंड़ा-गोठ सारे झैं सारिन्थ्यो । कहिले डाँड़ा गाउँबाट कान्छा लामा (शेर्पा) को पुरानो घर, कारबारीको तल्लो बारी चित्राको घर हुँदै पछि बेन गुम्बा, नाम्फिक-मण्डलको डिही घर, लरिंगे काईलाको बारी र दलिंगेको खायलसम्म स्कूल सर्दा पनि पछ्याउँदै पढ्न गएको झलझली सम्झना हुन्छ ।

त्यति बेला हाम्रो गाउँको पारिपट्टि निकै टाढ़ा तिमीमा पाद्री साहेबको मिसन-स्कूल स्थापित भइसकेको थियो । पेकु-गाउँका लाक्पा र पासांग शेर्पा त्यहाँ गई आइफलटार स्थित कान्छा लामाको घरमा बसी स्कूल पढ्न लागे । तिनीहरूलाई स्कूलमा बेञ्ची डेस्क, ब्लाक्-बोर्ड, घण्टी भएको औ बेला बेलामा टेनिस गोली पनि खेल्न पाएको कुरा छुट्टिमा घर आउँदा सुनाउँथे । मलाई पनि

त्यस स्कूलमा गई पढ्न पाए हुन्थ्यो भन्ने लागेर एक दिन म कसैले चालै नपाई सुटुक्क भागेर त्यहाँ उपस्थित भएँ । त्यस बेला त्यहाँ थेन्डुप लेप्चा शिक्षक हुनुहुन्थ्यो ।

मैले बेन स्कूलमै बाह्रसम्मको पहाड़ा र केही अंग्रेजी शब्दहरू सिकेको थिएँ । नेपाली वाक्यहरू पनि धेरै जानेको थिएँ । त्यहाँ मास्टरको सामुन्ने सुनाइदिएँ -

Man - माने मान्छे

Rat - मने मुसो

Father - माने बाबु

Mother - माने आमा

त्यस बेला स्कूलमा पढ़ाइने नेपाली किताबहरूबाट भाषाविद् स्व. पारसमणि प्रधानले लेखेको 'साँझ' शीर्षक कविता पनि सुनाएँ -

## साँझ

पहेंला घामका आभा टुप्पामा रूखका पारि ।
सूनको रंग देखिन्छ जंगलै भरि ॥
पशु - प्राणी चरा सारा डेरापट्टि फिरे ।
सुनौलो भो बन-शून्य र निरव ॥
थकाइले सताएका काम कर्मी दुवैजना ।
पसे विश्रामका काख बिदावारी भइकन ॥
बले बत्ती घरैपछि धुवाएँ घरका धुरी ।
छोराछोरी मझेरीमा बसे आगा वरिपरि ॥
सन्ध्याका मलय मीठो फूल बास लिइकन ।
बहेको छ दिशा ढाकी जीउ चंगा गरिकन ॥

त्यसपछि मास्टरजी खुशी भएर मलाई पहिलो श्रेणीमा भर्ना गर्नुभयो ।'

उक्त पुस्तकमा वर्णित यी कुराहरूबारे श्री डी.पी. राजालिमसित व्यक्तिगतरूपले भेट गरीं सोध्दा यो सन् १९३७-४० तिरको हो भन्ने उनको भनाइ थियो । माथि यस उद्धहरणबाट निम्नलिखित विषयहरू स्पष्ट हुन्छ -

१. तिमीमा मिसनरीहरूले खोलेको तिमी स्कूल सन् १९३७ भन्दा अघिबाटै अस्तित्वमा थियो ।

२. यस काल सिक्किमका पाठशालाहरूमा बनारसबाट प्रकाशित काशीबहादुर श्रेष्ठको 'ठूलो वर्णमाला' प्रयोगमा थियो । यस अन्तर्गत अंग्रेजी, नेपाली तथा गणित समावेश थियो ।

३. कतिपय स्कूलहरूमा यस बेला आज झैं पाठ्य-पुस्तकहरू श्रेणीगत रूपमा थिएन । 'ठूलो वर्णमाला' स्कूल भर्ना भएपछि पछिसम्मै त्यो पढ्न पर्थ्यो ।

४. भाषाविद् पारसमणि प्रधानका पाठ्य-पुस्तकहरू पनि केही प्रयोगमा थिए ।

५. गाउँ - बस्तीतिर त्यसबेला नेपाली माध्यममा पढ़ाइन्थ्यो ।

६. पाठशाला भवनको ठूलो दुःख थियो । गाउँलेहरू गरीब थिए भवन निर्माण गर्न सक्तैनथे । त्यसो हुँदा कसैको घरतिर सरिरहनु पर्दथ्यो । नत्र विद्यार्थीहरू मिसनले खोलेका स्कूलहरूतिर जानु पर्थ्यो ।

७. भर्ना भएको प्रारम्भिक अवस्थादेखि नै अंग्रेजीको पनि पढ़ाइ शुरू हुन्थ्यो ।

८. शिक्षकको दयनीय अवस्था थियो ।

९. नेपाली साऊँ - अक्षरको अध्यापन बड़ो गजबको थियो ।

१०. विद्यार्थीले धेरै जस्ता पाठहरू घोक्नु पर्थ्यो ।

यो त पाठशाला खोलिएको गाउँ-बस्तीको एउटा दृश्य थियो तर वास्तवमा भन्नु हो भने त्यस बेला कैयौं गाउँ घरहरू पाठशाला नभएर अन्धकारमय थियो ।

उक्त बेन पाठशालाको रूपमा घर घर पढ़िहिंड्ने विद्यार्थी, डी.पी. राजालिम पछि संसारको दोस्रो ठूलो महासमरमा भाग लिएर फर्केपछि बेन पाठशाला सञ्चालक समितिको गठन गरि तोप्देन पिन्छो काजीको सभापतित्वमा

स्कूल भवन खड़ा भएपश्चात् १४ जनवरी १९५१ देखि उक्त स्कूल सुचारूरूपले चल्न थाल्यो । फलस्वरूप, सन् १९५७ तिर यसले सरकारी मान्यता प्राप्त गर्न सक्यो । यस बेलासम्म डी.पी. राजालिम त्यस स्कूलका सञ्चालक समिति अन्तर्गत सचिव पदमा थिए । तिनले नै दामथांगमा पनि कारसाङ शेर्पाको सभापतित्वमा पाठशाला स्थापना गरी सन् १९५७ देखि चलाउन शुरू गरेका थिए ।

ईशाई मिसनरीहरूले ठाउँ ठाउँ स्कूल खोलेर धर्म प्रचार गरे तापनि त्यस बेला दरवारले राखेको नियम अनुसार कसैले पनि धर्म परिवर्तन गर्न पाउँदैनथ्यो । यस्तो नियमले गर्दा ईशाई मिसनरीहरू जो कोही सिक्किम प्रवेश गर्न धेरै इच्छा गर्दैनथे ।

सन् १९२२ भन्दा अघि दार्जीलिङमा पनि हिन्दी माध्यममा पढ़ाइन्थ्यो । पारसमणि प्रधानले किन नेपाली पाठ्य-पुस्तकहरू तयार गर्नुपऱ्यो ? भन्ने कुरा उनको आत्मा-कथाबाट जान्न पाइन्छ । त्यस बेला हिन्दीका राम्रा राम्रा पाठ्य-पुस्तकहरू बजारमा देख्न पाइन्थ्यो तर त्यस बेलासम्म त्यहाँ हिन्दीको प्रचार नभएको हुँदा विद्यार्थीहरू बुझ्न सक्तैनथे । जे होस् -, सिक्किममा पनि ईशाई मिसनरीहरूले सन् १९२२ भन्दा अघिबाट खोलिराखेका पाठशालाहरूमा हिन्दी माध्यममा अध्यापन नगरी त्यसको अर्को विकल्प थिएन । तर अंग्रेजी भने प्रारम्भिक अवस्थादेखि नै प्रधान विषय भएर आइरहेकै थियो । (दियालो - पारसमणि प्रधान विशेषांक)

पारसमणि प्रधानले सन् १९२० मा नेपाली व्याकरण पांठ्य-पुस्तकको रूपमा निकाले । यद्यपि विभिन्न विद्वानहरूले नेपाली व्याकरण अघिबाटै प्रकाशमा ल्याइसकेका थिए । सन् १९२२-२८ सम्ममा तिनले पाठशालामा चाहिने जम्मै जस्ता पाठ्य-पुस्तकहरू लेखिसिध्याएर मेकमिलन एण्ड कम्पनीद्वारा छपाएपछि यसको चारैतिर प्रचार हुन थाल्यो । पारसमणि प्रधान पश्चिम बंगाल शिक्षा विभागको प्रशासकीय अधिकारीको रूपमा कार्यरत भएको हुनाले तत्कालीन सरकारसित दार्जीलिङ, कालिम्पोंग, तथा डुवर्स नेपाली बहुल क्षेत्रतिरका पाठशालाहरूमा यी नेपाली माध्यमका पाठ्य-पुस्तहरू प्रयोगमा ल्याउन अनुमति प्राप्त गर्न तिनलाई केही गाह्रो भएन । सिंक्किममा पनि आफ्नो शैक्षिक बोर्ड र शिक्षा सम्बन्धी विशेष कानुन नभएको हुनाले साथै सन् १९२४

मा स्थापित गान्तोकको सर टासी नामगेल हाई स्कूल समेत पश्चिम बंगाल माध्यमिक बोर्डको अधीन रहेको हुनाले पारसमणिका यी पाठच-पुस्तकहरू प्रयोगमा ल्याउनमा कुनै कठिनाइ थिएन।

वास्तविकरूपले हेर्ने हो भने यी श्रेणीगत पाठच-पुस्तकहरूको प्रकाशनले मात्र सिक्किममा पनि पाठशालाहरूमा श्रेणीवद्ध पद्धतिलाई दरिलो पार्‍यो । तर यसभन्दा अघि पाठशालाहरूमा पाठच-पुस्तहरूको अध्ययन तथा अध्यापनमा एकरूपता थिएन भन्दा हुन्छ । शिक्षकले जुन पाठच-पुस्तक ल्यायो, त्यही पढ़ायो । पाठच-पुस्तकहरू निर्धारित गरिएकै थिएन औ नीजि पाठशालाहरूमा आफ्नो नियम पनि केही थिएन । त्यस बेलाका गाउँलेहरूलाई लेख्न पढ्न जान्यो भने पनि प्रशस्त थियो । माथि बेन स्कूलको विवरणबाट पनि यसबारे धेर थोर जानकारी मिल्दछ ।

तत्कालीन सिक्किमको राज्य प्रशासन पनि आफ्नै प्रकारको थियो । राजा दरवारमै बस्दथे । काजी, ठीकादारहरू इलाकादार थिए । धेरै नपढ़ेका हुनाले तिनीहरूलाई सहयोग गर्न मुख्तियार तथा सुबेदारहरू थिए भने तिनीहरूमा पनि काम चलाव शिक्षा मात्र थियो । शिक्षाको महत्वबारे तिनीहरू कसैलाई पनि थाहा थिएन भन्दा हुन्छ । आफ्नो क्षेत्रमा पाठशालाहरू खोलिए पनि ठीकादारहरू उस्तो ध्यान दिंदैनथे बरू कतिपय ठीकादारहरू शिक्षाको प्रचारमा मनमनै डराउँथे ।


यस लेखकले खोजी गर्दा प्रमाणस्वरूप दरवारबाट छाप लागेका केही दस्तावेजहरू प्राप्त गरेको छ तर त्यसलाई यहाँ जस्ताको तस्तै प्रकाशमा ल्याउन उचित नपर्दा राख्न सकिएन । यो घटना सन् १९३७ को हो । गाउँलेहरूले आफ्नो गाउँमा पाठशाला खोलेका छौं, सरकारबाट आर्थिक सहयोग पाउँ भनी दरवारलाई बिन्ती-पत्र चढ़ाएको हुँदा दरवारले पनि न्याय विभाग मार्फत उक्त क्षेत्रका ठीकादारलाई आर्थिक सहयोग पुर्‍याउने कुरामा पटक पटक सोधिपठाउँदा अन्तमा 'हामीलाई नसोधी, नखोजी जनताले स्वार्थ पूर्तिका निम्ति स्कूल खोल्छन् भने कसरी सहयोग पुर्‍याउनु ? यसरी नै क्षेत्रभरिका गाउँलेहरूले ठाउँ ठाउँ स्कूल स्थापना गरे ठीकादारबाट कसरी आर्थिक सहयोग पुर्‍याउन सक्नु ?' भन्ने सोझो उत्तर तिनले दरवारलाई दिएको देखिन्छ ।

यस्तो विषम परिस्थितिमा ईशाई मिसनरीहरूको उद्देश्य धर्म प्रचार नै भए तापनि सिक्किमका कतिपय दुर्गम क्षेत्रहरूमा प्रवेश गरी ठूलो दुःख सहेर पाठशालाहरू खोली शिक्षाको प्रचार गरेको इतिहासलाई सिक्किमले आजन्म बिर्सने छैन ।

देशको आर्थिक अवस्था दयनीय भएकोले गर्दा नै शिक्षा जस्तो कुरामा देशले धेरै पछाडि रहनु पऱ्यो । अन्य गाउँ-बस्तीतिर खोलिएका पाठशालाहरूको अवस्था पनि बेन पाठशालाभन्दा राम्रो थिएन । गाउँलेहरू आफ्ना छोराछोरीहरूको शिक्षाका निम्ति धेरै खर्च गर्न सक्तैनथे औ पढे लेखेका मानिस शिक्षकको रूपमा पाइहाले पनि थोरै तलबमा बस्नै मन नपराउने । कुनैले चाहिँ काम गऱ्यो तर गाउँलेहरूबाट मासिक तलब भर्न नसक्ने हुँदा जीवन यापनका निम्ति अर्कै दिशातिर लाग्न पर्ने उसलाई विवशता पनि त्यहाँ नभएको होइन । यस्ता समस्याहरूले प्रारम्भिक कालका नीजी पाठशालाहरूलाई ग्रस्त पारेको थियो ।

यसरी सिक्किम राज्यभरिका त्यस बेलाका पाठशालाहरूको विवरण लेख्न परे एउटा इतिहास नै बन्न जानेछ । रम्फू बजारमा सन् १९५०-५१ तिर एउटा नीजी स्कूल, स्थानीय मानिसहरूबाट स्थापित भएर संञ्चालक समितिबाट चलिरहेको थियो । शिक्षक मानसिंहसित पाठशाला समितिको मतभेद हुँदा पछि पुलिस दलसितै गोली हानाहान भएको थियो । अन्तमा तिनले आत्महत्या गरेको त्यस घटना-वृतान्त आज पनि रम्फू तथा तुरूङ भेकका मानिसहरूले दिँदैछन् । यस लेखको लेखक स्वयंले उक्त कुरा त्यस घटनामा मुछिन आएका डुगा (पूर्व सिक्किम) निवासी स्वं गोबिन्द प्रधानबाट धेरैपल्ट सुनेको थियो ।

दरमदिन निवासी स्वं कृपाशाल्यान राई (साहित्यमा भानु पुरस्कार) को 'पश्चिम सिक्किम अगुवाइ हुनुको अंकुर' नामक लेख (श्रष्टा वर्ष १० अंक २५ मा प्रकाशित) बाट पनि सन् १९४२ भन्दा अघिका यहाँ नीजी पाठशालाहरू बिषय केही केही जानकारी मिल्दछ । तिनको भनाइ अनुसार - पश्चिम सिक्किमस्थित च्याखुङ निवासी जेरोङ देवानका पौष्य पुत्र फाक छिरिंग (भू.पू. मुख्य-मन्त्री एल.डी. काजीका दाज्यू) बौद्ध संघको सदस्यको रूपमा सिलोन (श्रीलंका) गई शिक्षा लाभ गरेपश्चात् रेभरेन्ट एस.के. जेनेरोसा नामाकरण गरी भारत फर्किआए । राजा बिर्लाको आर्थिक सहयोगले दार्जीलिङ भोटे बस्तीमा



रेमरेन्ट एस० के० जेनेरोसा
(फाक छिरिंग)

तिनले स्कूल तथा वाई.एम. बी. ए. (Young men of Buddhist Association) नामक छात्रावास खोले । त्यसपछि सिक्किम आई च्याखुङ, कलुक, हिगाउँ, टिम्बुरबुङ, मंगलबारे, सोसिङ, नाम्ची स्कूलहरूलाई आर्थिक सहयोग दिई पाठशाला निर्माण र सञ्चालनमा ठूलो सहयोग पुऱ्याएका थिए ।

यस लेखकले डाक्टर तुलसीबहादुर क्षेत्रीसित लिएको भेटवार्ता अनुसार रेभ. जेनेरोसाले नै तिनलाई दार्जीलिङमा भेटी शिक्षकको रूपमा नाम्ची स्कूलका निम्ति खटाइपठाएका थिए । टिम्बुरबुङ स्कूलको उक्त पुस्तिका अनुसार दिसम्बर १९४१ मा रेभ. जेनेरोसा आफ्ना भाइ एल.डी.काजी तथा अन्य गण्य-मान्यगणसित टिम्बुरबुङ आएका थिए । तिनैले याथांग डाँड़ालाई स्कूल योग्य ठहराई भवन तयार गर्न लगाए । जनवरी १९४२ मा स्कूल भवन तयार भएपछि उनैले शिक्षकको तलबको रूपमा महिनावारी ५) रू. दिन प्रारम्भ गरे । सन् १९४२ देखि १९५९ सम्मका टिम्बुरबुङ स्कूलमा शिक्षकको रूपमा सेवा पुऱ्याउनेहरूमध्ये - प्रभुराज सुब्बा, हिमानधोज सुब्बा, कृष्णलाल शर्मा, पदमसिंह सुब्बा, टेक बहादुर कार्की, कालुसिंह पेगा, पी. बी. पेगा औ के.डी. पेगा थिए । उक्त स्कूलले सन् १९५५ मा सरकारी मान्यता प्राप्त गऱ्यो । आज यो माध्यमिक स्कूलको रूपमा चलिरहेछ ।

रेभ. जेनेरोसाले स्थापना गरेको भोटे बस्ती दार्जीलिङस्थित वाई.एम.वी.ए. छात्रावासमा सिक्किमकै विद्यार्थीहरू बस्दथे । टिम्बुरबुङ निवासी श्री पदमसिंह सुब्बा दार्जीलिङ पढ्दा तिनीसित उक्त छात्रावासमा बस्ने विद्यार्थीहरू गान्तोक, सुमीन, रालांग सांग, सोसिंग, गेजिंग, च्याखुङबाट आएका थिए । तिनीहरू पनि दार्जीलिङका विभिन्न स्कूल, कलेजतिरै पढ्दथे ।

उक्त कुरा श्री पदमसिंह सुब्बाको त्यही 'टिम्बुरबुङ स्कूलको स्थापना' लेखबाट थाहा लाग्छ ।

रेभरेन्ट जेनेरोसाको निधन सन् १९४३ मा भयो भन्ने कृपाशाल्यन राईको भनाइ अनुसार उक्त टिम्बुरबुङ स्कूलको नामसित त्यस बेला जोडिन आएको अनेकौं स्कूलहरू जस्तै च्याखुङ, कलुक, हिगाउँ, मंगलबारे, सोसिङ, नाम्ची सन् १९४३ भन्दा अघिबाटै अस्तित्वमा थिए भन्ने ठहर हुन्छ ।

कृपाशाल्यान राई सन् १९४३ पछि सोरेंग स्कूलमा सहायक शिक्षक भएर आए । त्यस बेलाका प्रधान अध्यापक ए.बी. गुरूङले सोरेंग स्कूलबाट बिदा

लिएपछि एकलैले छैटौं कक्षासम्म तिनलाई पढ़ाउन पऱ्यो । यसभन्दा अघि सोरेंग स्कूलमा मिसनरीहरूले पढ़ाउँदथे भन्ने कुरा अघि नै लेखिसकिएको छ तर कृपाशाल्यनले उक्त स्कूलमा काम गरेको बेला भने यो गाउँलेहरूकै जिम्मामा भएको थाहा लाग्छ । तिनी लेख्छन् -


'त्यस बेला तलब थिएन । खानु राम्रो थिएन, काम पनि राम्रो भएन' भन्ने कुराले त्यस बेला त्यो सोरेंग स्कूलको अवंस्था अवश्य पनि राम्रो थिएन भन्ने बुझिन्छ । अर्कोतिर च्याखुङ स्कूलको हाल पनि त्यो भन्दा राम्रो थिएन नै ।

आफू छैटौं कक्षासम्म पढ़ेको भए पनि कृपाशाल्यान राईलाई सोरेंगमा छैटौं श्रेणीसम्मै पढ़ाउनु पर्थ्यो । तिनी धार्मिक प्रवृत्तिका मानिस थिए । कालान्तरमा सन्यास ग्रहण गरेपश्चात दरमदिनस्थित आफ्नै कुटीमा १३ अगष्ट १९९४ को दिन तिनले देह त्याग गरे ।

स्वर्गीय राईको जीवन वृतान्तमा सन् १९५२ भन्दा अघि क्रमैसित मांगसारीमा (१९४२), गेजिंग (१९४५) हिगाउँमा (१९४६) दोदकमा (१९४७) लुङ्चोकमा (१९५०) स्कूलहरूमा तिनले सेवा पुऱ्याएको कुराले यी पाठशालाहरू बारे पनि धेर थोर प्रकाश पार्छ । त्यसरी नै थर्पू, बुढ़ीखोप (बढ़िया-खोप) स्कूलहरू भने यी माथि उल्लेख गरिएका पाठशालाहरू भन्दा केही पछि स्थापना भएका थिए भन्ने उनको त्यसै लेखबाट थाहा लाग्छ ।

यी स्कूलहरूकै हाराहारीमा सिक्किमका अन्य गाउँहरू जस्तै रम्फू नजिकै तुरूङमा दार्जीलिङ निवासी नरसिंह प्रधानले सन् १९४३ देखि गाउँलेहरूसित मिली स्कूल स्थापना गरे औ प्राय: ३५-४० वर्षसम्म त्यही शिक्षकको सेवामा रही तिनले जीवनको अन्तिम सास लिए । उक्त स्कूल १९९६ देखि माध्यमिक पाठशालामा परिणत भएको छ ।

रंगेलीमा पेमा छोडेन नामक स्कूल सन् १९४५ देखि नै चलिरहेको थियो । सिक्किमकी राजकुमारीको नाममा त्यो स्कूल चलेको हुनाले स्वयं उनी आफै आई आर्थिक सहयोग समेत पुऱ्याएको कुरा काठमाण्डौ व्यापार लिई गएका श्री नरेन्द्र नरसिहं (उक्त क्षेत्रका तत्कालिन काउन्सिलर) गान्तोक आएको बेला यस लेखकलाई बताउनु हुन्छ । उनैको भनाइ अनुसार पाम गाउँमा पनि· मण्डल चन्द्रलाल अधिकारी बाहुन (भू.पू. सिक्किम विधान समाध्यक्ष श्री टी.आर. शर्मा औ कमल अधिकारी सेक्रेटरी सिक्किम सरकार,का पिता) तथा गाउँका गण्य-



पदमसिंह सुब्बा

मान्य व्यक्तिहरू मिली सन् १९४७ मा एउटा सानो स्कूल स्थापना गरेका थिए । पछि त्यसैलाई गाउँले सबैको सहयोगमा उनैले स्कूल योग्य जमीन ठीक पारी छुचाचेनमा सारे । फलस्वरूप यो अहिले उच्चत्तर माध्यमिक पाठशालाको रूपमा सञ्चालन भइरहेछ ।

साक्योंग निवासी उपमान बस्नेतज्यूको भनाइ अनुसार गेजिंग नजिकै साक्योंग पाठशाला सन् १९४७ देखि नीजीरूपले चल्न थाल्यो । यस स्कूलको संघठन र निर्माणार्थ विशेष गरी खड्‌कबहादुर खतिवड़ा (काउन्सिलर १९६९-७२) र बिर्खबहादुर बस्नेतको महत्वपूर्ण भूमिका रहेको छ । आफ्ना स्कूलका निम्ति अर्थ-संग्रह गर्न त्यस बेला तिनीहरू आसाम, भुटानसम्म पुगेका थिए । उक्त पाठशालाले सन् १९५६ मा सरकारी मान्यता प्राप्त गर्‍यो र १९९७ देखि यो पनि माध्यमिक पाठशालामा परिणत भयो ।

नाम्चीको पाठशाला स्थापनाकाल सन् १९३५ तिर हो भन्ने नाम्चीकै मानिसहरूको विश्वास छ । एकजना मेडा नामक फारसी डाक बाबुले त्यहाँका वालक बालिकाहरूलाई भेला गरी दिउँसो आफ्नो काम नहुँदा पढ़ाउने गर्दथे । भवन नहुँदा कहिले कता कहिले कता गर्दै पढ़नु पर्थ्यो । सन् १९३७ मा दरवारले खटाए अनुसार (सरकारी खजनाबाट) यस स्कूलले नाम्ची काजीको हातबाट मासिक ३ रू. को दरले आर्थिक सहयोग पाउँदथ्यो । सन् १९३९-४० मा उक्त स्कूलका शिक्षक खम्बासिंह सुब्बाले उनैबाट ५) रू. को दरले मासिक वेतन पाउँदथे । नाम्ची काजीले राजस्व कर बुझाउँदा दरवारलाई यसको हिसाब पनि बुझाउनु पर्दथ्यो । शिक्षक खम्बासिंहले नाम्ची काजीबाट अगष्ट, सेप्टेम्बर, अक्टोबर, नोभेम्बर १९३९ मा पाएको मासिक वेतन-विवरण लेखकसित सुरक्षित छ ।

सन् १९३९-४० तिर नाम्चीमा डाक घर बाहेक अन्य कुनै सरकारी कार्यालय थिएन । बजार पनि अहिलेको ठाउँमा थिएन ।

तुलसीबहादुर क्षेत्री आसाम दिब्रुगढबाट दार्जीलिङ हुँदै नाम्ची आएर सन् १९४०-४४ सम्म शिक्षकको सेवामा रहेका थिए । तिनको समयमा मासिक वेतन २५) रू. पुगेको थियो । दोस्रो शिक्षक असारसिंह सुब्बाले १५ रू. पाउँथे भने मणिराज राई (श्री बी.बी.राई एस. पी. का पिता) ले १०) रू. पाउँदथे । त्यस स्कूलमा सर्वप्रथम म्याट्रिक पास गर्ने शिक्षक तुलसीबहादुर क्षेत्री नै थिए ।

तुलसीबहादुर क्षेत्री गान्तोक गएको केही वर्षपछि वोक निवासी नयन छिरिंग लेप्चा पनि नाम्ची (आसाङथाङ) शिक्षक भएर रहेका थिए। तर तिनी पनि यहाँ धेरै बसेनन् - राजनीतितिर लागे । पछि एल.डी. काजीले नेतृत्व लिएको पहिंलो सरकारमा तिनी शिक्षा-मन्त्री बन्न पुगे ।

सन् १९५१ मा अगमसिंह तामाङ सर टासी नामगेल हाई स्कूलबाट सरूवा लिएर नाम्ची आए । साथमा उनकी श्रीमती उपीनमाया मोक्तान पनि नाम्चीमै शिक्षिकाको नियुक्ति लिएर आइन् । नाम्ची स्कूलले यी दुईजना शिक्षक शिक्षिकाको आगमन सँगसँगै सरकारी मान्यता प्राप्त गऱ्यो । त्यसपछि धेरै शिक्षकहरू आए गए । सन् १९५४-५५ तिर हर्कमान राई र रामध्वज राई (दुवै पछि राष्ट्रिय पुरस्कारले सम्मानित) नाम्ची स्कूलमा नीजीरूपले काम गर्दा गर्दै पछि दुवैलाई सरकारी नियुक्ति मिल्यो । पछि रामध्वज राई आफ्नो गाउँको स्कूल जूम स्कूलतिर सरूवा लिएर गए औ पछि तिनको त्यही देहान्त भयो । श्री हर्कमान राई भने सन् १९९५ तिर त्यही स्कूलबाट सेवा निवृत्त भए ।

अगमसिंह तामाङ त्यस स्कूलका मूल खम्बा थिए । स्कूललाई सरकारी मान्यता दिए तापनि स्कूल भवन राम्रो थिएन । तिनले देवसी तथा नाटकहरू अभिनय गरेर नाम्ची स्कूललाई च्यादर ओढ़ाइदिएका थिए। सन् १९५४-५५ सम्म थोरै शिक्षकहरूको सहायताले तिनले छैटौं श्रेणीसम्म पढ़ाइरहेका थिए औ तिनैको परिश्रमपश्चात् नाम्चीले निम्न उच्च विद्यालय तथा सन् १९५७ मा उच्च विद्यालयको मान्यता प्राप्त गऱ्यो र प्रधान अध्यापकको रूपमा उमानाथ शर्मा (एम.ए., बी.एड.) आए।

सन् १९५७ मा नाम्ची पाठशाला हाई स्कूलको रूपमा बड़ोत्तरी भएको शुभ उत्सवको बेला जिल्लाका सबै शिक्षक शिक्षिकाहरूको सम्मेलन डाकियो । शिक्षक सम्मेलन सिक्किमको इतिहासमा पहिलो घटना थियो । उक्त सम्मेलनलाई सम्बोधन गर्न तत्कालीन एक्जिक्युटिभ काउन्सिलर काशीराज प्रधान नाम्ची आएका थिए ।

सन् १९५९ तिर अगमसिंह तामाङले आफ्नै घरको अस्त-व्यस्तताले गर्दा शिक्षक वृत्ति छोड़िदिए । पछि १७ अप्रिल १९६५ मा तिनको देहान्त भयो । त्यस ताकका नेपाली कवि, संगीतकार, गीतकार, समाज सेवक तथा असल शिक्षक अगमसिंह तामाङलाई आज पनि सिक्किमभरिका मानिसहरू ठूलो आदरसाथ

सम्झना गरिरहेका छन् । तिनैले रचना गरेका भजनहरू आज पनि प्राय: जम्मै पाठशालाहरूमा गाइँदैछ । गान्तोकमा सर टासी नामगेल हाई स्कूलमा कार्यरत रहँदा शिक्षकहरू मिली 'अपतन' साहित्य परिषद स्थापना गरेका थिए । 'अपतन' शव्द चार जना त्यस बेलाका शिक्षकहरूको पहिलो शब्दबाट निकालिएको थियो । अ' बाट अगमसिंह तामाङ, प' बाट पदमसिंह सुब्बा, त' बाट तुलसीबहादुर क्षेत्री, न'बाट निमा वङदी टारगेन । यसमा अन्य शिक्षकहरू पनि सम्मिलित थिए ।

दक्षिण सिक्किम साहित्य सम्मेलनले नाम्चीमा सन् १९९५ देखि २२ नोभेम्वरका दिन अगमसिंह तामाङको जन्म जयन्ती मनाउँदै आइरहेछ र यसैले तुलसीबहादुर क्षेत्री, पदमसिंह सुब्बा, निमा वङदी तारगेनलाई बोलाई १५ अप्रिल १९९७ को दिन 'अपतन स्वर्ण जयन्ती' पनि भव्यरूपमा मनायो । यसरी ती वयोवृद्ध शिक्षकहरूले दिवंगत आत्माप्रति सम्मेलनको तर्फबाट शिक्षकवर्ग सबैले श्रद्धा भक्ति चढ़ाए ।

उमानाथ शर्मा नाम्चीमा १९५७ देखि १९६० सम्म रहेका थिए । तिनको विद्वताको अघिल्तिर कुनै शिक्षक पनि टिक्न सक्तैनथे । माथिल्लो श्रेणीमा गणित पढ़ाउँदा आँखा चिम्म गरी मनैमन हिसाब गरेर उत्तर भनिदिन्थे । अंग्रेजी बोल्न धक मान्ने विद्यार्थीहरूलाई तिनी उत्साह भर्थे - 'अंग्रेजी भाषा साहित्य न हाम्रो आमापट्टिको हो न बाबु पट्टिको । बोल्दा गल्ति हुन्छ कुरा ठीक हो । तर गल्ति हुन्छ र नै त्यसलाई सुधार्न पाइन्छ । अंग्रेजी बोल्न जान्ने मान्छेलाई जहाँ सुकै जावस् आफ्नो विचार राख्न गाह्रो पर्दैन ।' तिनी फेरि भन्थे - 'अंग्रेजीमा वाक्य बनाउने विधि पनि त धेरै छैनन् । पहाड़ा जस्तै गरी बीस पच्चीसवटा विधि मुखस्थ गरे सजिलै बोल्न सकिन्छ तर त्यसको लागि एकाग्रता र लगनशीलता भने अवश्य चाहिन्छ ।'

सन् १९५८ मा यस पंक्तिका लेखकलाई आफूले पढ़ाउँदै गरेको किताम स्कूलबाट काम विशेषले नाम्ची स्कूल कार्यालय पुग्न परेको थियो । लेखकलाई देखेर केही सम्झे झैं गरी तिनले भनेका थिए - 'किताम स्कूलको लागि एउटा घण्टी चढ़ाउँछु भनेको थिएँ । तपाईं त त्यही फरूवा ठोक्दै हुनुहुन्छ होला होइन ?' सम्भवत: तिनी त्यसभन्दा अघि मल्लीबाट आउँदा मानपुरबाट उकालो किताम हुँदै नाम्ची आउँदा बाटामा गाउँलेहरू भेटेका थिए ।

आँखा चिम्म गरेर बोलेको बोलेकै हुन्थे तिनी । उदार हृदयी, गरीबका छोराछोरीप्रति तिनको दया र सहानुभूति थियो ।

नाम्ची स्कूलको प्रारम्भिक सन्दर्भपश्चात् गेजिंग स्कूलको इतिहास पनि निकै लामो देखिन्छ । सन् १९३६-३७ तिर त्यहाँ बीरबहादुर नामक एक अनेपाली मानिस (सम्भवत: गढ़वाली) शिक्षक थिए । त्यहीं नै पछि इमानसिंह चेमजोंग पनि अध्यापन गर्न आए । भनिन्छ, तिनताक रेभ. जेनोरोसाले सिक्किममा वाई. एम. बी. ए. (Young Men Budhist Association) अर्थात युवा बौद्ध समिति खोलेर विभिन्न स्थानहरूमा शिक्षित युवक युवतीहरूलाई शिक्षकको रूपमा पठाउँदथे । इमानसिंह चेमजोंगलाई पनि तिनले दार्जीलिङमा भेटी गेजिंग स्कूल पठाएका थिए । सम्भवत: सन् १९४३ मा रेभ. जेनोरोसाको देहान्तपश्चात् नै तिनले गेजिंग छोडेको थाहा लाग्छ । कालान्तरमा यिनी किराँती भाषा, साहित्य र इतिहासका विशेषज्ञका रूपमा त्रिभुवन विश्वविद्यालय, नेपाल पुगे । लिम्बु तथा लेप्चा कोषहरू तिनैले सम्पादन गरी किराँती संस्कृति र इतिहास समेत प्रकाशमा ल्याए । नेपाल सरकारले तिनको महत्वपूर्ण सहयोगको गरिमालाई स्थायीत्व प्रदान गर्न तिनैको चित्र डाक टिकट समेत प्रकाशमा ल्याएको देखिन्छ । कृपाशाल्यान राई १९४५-४६ सम्म गेजिंगमा रहेका थिए । त्यसपछि श्रीप्रताम (पश्चिम सिक्किम) निवासी श्री के. बी. लिम्बु गेजिंग स्कूलमा शिक्षकको रूपमा आएका थिए । कालान्तरमा यिनी पनि सिक्किमको राजनीतिमा आएको देखिन्छ । सन् १९७५-७९ सम्म तिनी एल.डी. काजीले नेतृत्व लिएको सरकारमा जन-कार्य विभागका मन्त्री भएर रहे । त्यसपछि राजनीतिबाट सन्यास लिएर घरैमा बसे ।

गेजिंग स्कूलमा सन् १९४८ मा शिक्षकको रूपमा सेवा पुऱ्याउने श्री शहरमान राईसितको भेटवार्ताबाट थाहा लागे अनुसार तिनी त्यस स्कूलमा आएको बेला गेजिंग स्कूलको अवस्था दयनीय थियो । शिक्षकहरूको अनुपस्थिति र त्यस बेलाको राजनैतिक अस्थिरताले गर्दा सिरूको छाना औ बाँसले बारेको भित्ता भएको स्कूल भवन ढल्न लागिसकेको थियो । यिनी त्यहाँ गएपछि तिनलाई सहयोग पुऱ्याउन दिछेन भोटिया पनि कामगा फर्किआए र त्यसबेला शहरमान राईले दरवारबाट मासिक वेतन २५) रू. पाउँदथे भने दिछेन भोटियाले २०) रू. पाउँथे ।

गेंजिंग स्कूलमा आउन भन्दा अघि शहरमान राई कलुक (पश्चिम सिक्किम) मा पनि सन् १९४३-४४ मा शिक्षक भएर रहेको कुराले कलुक



इमानसिंह चेम्जोंङ



कृपाशाल्यान राई

स्कूलको अस्तित्व पनि त्यसभन्दा अघिबाटै भएको थाहा लाग्छ । त्यहाँ तिनलाई सहयोग पुऱ्याउन शेरबहादुर गुरूङ सहायक शिक्षकको रूपमा थिए । शिक्षक शहरमान राई सन् १९४९ को जन आन्दोलनपश्चात् सेप्टेम्बर अक्टोबरतिर बन विभागतिर लागे औ अन्तमा डिभिजनल फोरेस्ट अफिसर भएपछि सेवा निवृत्त भई नाम्चीमा स्थायीरूपले बसे ।

त्यसपछि गेजिंग स्कूलको भार सम्हाल्न मेहरमान गुरूङ आए । तिनी च्याखुङका मानिस हुन् । तर शहरमान राई त्यस स्कूलमा सन् १९४८ मा आउनभन्दा अघिबाटै दरवारबाट शिक्षक वृत्ति भरण गरेको कुराबाट उक्त स्कूल अघिबाटै पूर्णरूपले सरकारी स्कूल घोषित नभए पनि सरकारबाटै आर्थिक सहायता भएको थाहा लाग्छ। यसो हेर्दा गेजिंग र नाम्ची स्कूलहरू समकालीन हो भन्न सकिन्छ । नाम्ची स्कूल १९५७ मा हाई स्कूल भएको लगत्तैपछि सन् १९५८ मा यसले पनि उक्त स्तर पायो । त्यस बेला त्यस पाठशालाका प्रधान अध्यापक श्री गौरंगदास गुप्त थिए । पछि भवन निर्माणार्थ चाहिंदो जमीन नहुँदा १२ दिसम्बर १९६४ मा यो पेमियोङची छेउ पेलिंग नामक ठाउँमा सऱ्यो । आज यहाँ उच्चतर माध्यमिक स्तरमा कला, विज्ञान तथा वाणिज्यको अध्ययन अध्यापन भइरहेछ ।

पुराना स्कूलहरूको नामावलीमा सामदोंग (दिक्चु बजार छेउ, पूर्व सिक्किम) को नाम आउँछ । यसको स्थापनाकाल सन् १९३५ लेखिएको छ । प्रारम्भमा यहाँ २६ जना विद्यार्थीहरू थिए । त्यस बेला बस्तीको ठाउँमा २६ जना विद्यार्थीहरू धेरै मानिन्थ्यो । तर स्कूल भवन आफ्नो नहुँदा र सबै गाउँलेहरू गरीब हुनाले कहिले ढिकी घर, कहिले शिवालय, इबसिंग हुँदै सामदोंग खुसुथांग आइपुग्यो । श्री जंगबीर भट्टराईको भनाइ अनुसार त्यस बेला त्यस स्कूलका शिक्षक प्रेमप्रसाद खँदाल थिए भने स्कूल सञ्चालक समितिमा सन्तवीर भट्टराई, पूर्णबहादुर भट्टराई, अमरजंग सुब्बा (सुबेदार), मनबहादुर थापा, गौरी शंकर नेपाल र अन्य गाउँलेहरू थिए ।

प्रारम्भमा साम्दोंग स्कूलमा संस्कृत पनि पढ़ाइन्थ्यो कि भन्ने थाहा लाग्छ तर यसबारे यसै हो भनेर किटेर भन्न सकिएको छैन ।

सन् १९५४ मा यहाँ एक्जीक्युटिभ काउन्सिलर काशीराज प्रधानले यस स्कूल परिदर्शन गरेका थिए भने सन् १९५६ मा स्वयं सिक्किमपति महाराज सर

टासी नामगेल पनि आएका थिए । यस बेला शिक्षा निदेशक एस. आर. घोष पनि साथैमा आएका थिए । अहिले यो उच्चत्तर माध्यमिक पाठशालामा परिणत भएको छ ।

श्री कुमारसिंग राईद्वारा लिखित 'जोसमनि पन्त औ स्वामी १०८ श्यामदास' नामक पुस्तकमा सन् १९२७ (विक्रम संवत १९८४) मा रोंगस्थित सौरबोटे नामक स्थानमा कुटी बनाई गुरू श्यामदास रोंग, सुम्बुक, नाम्ची वरिपरि कोप्चे, सिंगीथांग गाउँका मानिसहरू तथा विद्यार्थीहरूलाई धर्म कर्म बाहेक साधारण लेख्न, पढ्न तथा गणित सिकाउँदथे । उनको निधन उक्त सौरबोटे (रोंग) कुटीमा सन् १९४६ मा भयो । यस कुराको जानकारी उनीसित पढ्नेहरूमध्ये रोंग साधु गाउँ निवासी श्री भगीरथ राईले पनि यस लेखकलाई बताएका हुन् । गुरू श्यामदासले धर्म सम्बन्धी धेरै पुस्तकहरू लेखेका छन् । त्यसमध्ये आफूसित पढ्न आउने बालक बालिकाहरूका निम्ति तिनका निम्नलिखित पुस्तकहरू छन् -

१. विद्यार्थी प्रबोध

२. बाल बोध

३. भूगोल विचार, इत्यादि

यी हस्तलिखित पुस्तकहरू श्री कुमारसिंह राई (सह निदेशक, शिक्षा विभाग) कहाँ अझै सुरक्षित रहेको छ ।

त्यसरी नै घट्टे स्कूल (रानीपूल) लगायत अन्य स्कूलहरूको नाम आउँछ । स्थानाभावले तिनीहरूको विषयमा यहाँ दिन सकिएन ।

गुम्बा शिक्षाको हाराहारीमा वेद-पाठ गर्न हिन्दू संस्कृति अभिवृद्धिका निम्ति आवश्यकीय संस्कृत एवं साहित्य पठन-पाठनको लागि त्यस समय सिक्किमबाट ब्राह्मणहरू काशी (बनारस) नै गई शिक्षालाभ गरेर फर्कन्थे । फर्केर आउने पण्डितहरू स्वयंले सिक्किममा यस्ता संस्कृत शिक्षा विषयको पठन-पाठनमा धेरै रूची देखाएनन् ।

सन् १९४३ तिर रिनाकमा संस्कृत पाठशाला अस्तित्वमा थियो भन्ने कुराको जानकारी सम्प्रति ओ.एस.डी. संस्कृत, शिक्षा विभाग (सिक्किम सरकार) का उदयचन्द्र वशिष्ठज्यूले यस लेखकलाई दिनुहुन्छ । तिनी त्यही रिनाक संस्कृत

पाठशालामा प्रथमासम्मको अध्ययन गरी बनारसबाटै आचार्य उत्तीर्ण भई फर्केका थिए । उक्त पाठशाला रिनाक बजारमा चल्दा चल्दै कुनै कारणवश त्यो केही कालपछि बन्द भयो । अहिले रिनाक बजारदेखि प्राय: चार किलोमिटर पर सीमाना खोलाकै छेउमा लिङसे (पश्चिम बंगाल) शिवालयमा उत्तर मध्यमासम्मको पढ़ाइ हुन्छ । सम्भवत: रिनाक बजारको संस्कृत पाठशाला अस्तित्वबाट हराइपछि फेरि सल्लाह गरी त्यहाँ संस्कृत पाठशाला खोल्न सबैले सहयोग पुऱ्याएको हुनपर्छ ।

सन् १९५३-५४ भन्दा अधिका मिसनरी तथा नीजी स्कूलका पढ़ाइ स्तर, माध्यम, पाठ्य-पुस्तक विषय एकात्मकता कायम थियो भन्न कदापि सकिन्न । लेख्न, पढ़्न जान्न र साधारण हिसाब राख्न मात्र यसको मुख्य उद्देश्य थियो । अंग्रेजी जान्नेलाई पछि पछि अंग्रेजहरूको प्रभुत्वकालमा सरकारी सेवामा लिएको थाहा पाएपछि त्यसतिर सबैको ध्यान गएको देखिन्छ । त्यस बेलाको शिक्षाको उद्देश्य र लक्ष्य यतिमै सीमित थियो भनेर निर्धक्क भन्न सकिन्छ ।

सन् १९४७ भन्दा अघि सिक्किमको राजनैतिक स्थिति के कस्तो थियो ? भन्ने कुरा यहाँ भनिरहन नपर्ला हो । मेकालेको शिक्षा पद्धतिले त्यस बेला सारा भारतवर्ष नै व्याप्त थियो । त्यसमाथि सिक्किममा शिक्षाको प्रचार र प्रसारका निम्ति दरवार अथवा ठीकादारी प्रथाबाट धेरै प्रयास नहुँदा यस युगको मानव संसाधन, प्रतिभा, सृजनात्मक भावना त्यसै बिलाएर माटोमा मिल्यो ।

त्यस बेला रिनाक मिसन स्कूल पढ्ने मानिसहरू आज पनि कुरा गर्दैछन् - अंग्रेजहरू भारतबाट तिब्बततिर जाँदा रिनाक भएर जाने गर्थे र कहिले कहीं स्कूलमा बास बस्न आउँथे । विद्यार्थी लगायत त्यहाँका मानिसहरू खुट्टा मिलाएर 'सलाम साहेब' भनेर सलाम ठोक्थे । प्रधान अध्यापक महोदयले हात हल्लाई हल्लाई God save the king भनेर त्यस बेला बुझेर हो वा नबुझेर बेलायतको राजाको महिमा गीत गाउन लाउँथे । अंग्रेजहरूले पनि त्यो देखी खुशी भएर हाँस्दै विद्यार्थीहरूलाई मिठाई बाँड्थे ।

मिसनबाट सञ्चालित स्कूलको आर्थिक अवस्था ठीक नभएर पो हो कि यसरी अंग्रेजहरूको स्वागत गरिएको । जे होस्, त्यस बेला अंग्रेजहरूसित बसेर अंग्रेजी गर्न पाउनु ठूलो गर्वको कुरो मानिन्थ्यो ।

उक्त दृष्टान्त कसैमाथि आक्षेप गर्नलाई यहाँ राखिएको होइन र त्यस बेलाको परिस्थिति नै यस्तै थियो, आत्म-गौरव भन्ने कुरा तिनीहरू जान्दैनथे भन्ने कुराको बोध गराउनलाई मात्र उदाहरणस्वरूप यहाँ राखिएको हो ।

इष्ट इण्डिया कम्पनीले दार्जीलिङलाई सन् १८३५ मा सिक्किमबाट साधारण रकम दिने बन्दोबस्तमा लगेपछि सन् १९४७ मा अंग्रेजले भारत छोड़ेर जाँदा दार्जीलिङमा धेरै स्कूल, कलेज छोड़ेर गएका थिए । प्राय: जहीं तहीं त्यहाँ गाड़ीका बाटा-घाटाहरू तयार थिए । चियाको खेतीद्वारा सारा संसारभरि नै दार्जीलिङले नाम कमाई प्रशस्त लाभ उठाइरहेका थिए । सिक्किमका विद्यार्थीहरू धेरै जसो त्यहींबाट अध्ययन गरी फर्किआउँथे औ मन माफिक सरकारी काम पाउँथे । दार्जीलिङको तुलनामा सिक्किम धेरै कुरामा पछि परिरहेको कुराले सिक्किमका मानिसहरू मनैमन कुँढ़िन्थे । धनी, मानीका छोराछोरीहरू मात्र बाहिर पढ़ेर आउन सक्थे । गरीबका छोराछोरीहरू गाउँ-बस्तीतिर पाठशालाहरूको प्रबन्ध नहुँदा अशिक्षित नै रहन बाध्य हुन पर्थ्यो । आफू अशिक्षित भए तापनि देशको त्यस्तो स्थिति तिनीहरूको नजरबाट लुकेको थिएन । तिनीहरू पनि आफ्ना छोराछोरीलाई पढ़ाई आफ्नो परिस्थिति सुधार्न चाहन्थे तर कसरी ? भन्ने प्रश्नमाथि तिनीहरू बराबर चिन्तित रहन्थे ।

सिक्किमका तत्कालीन राजाहरूले पनि आफ्ना प्रजाहरूको मनका कुरा थाहा पाइसकेका थिए । तर देशको आर्थिक अवस्था अत्यन्त शोचनीय, त्यसमाथि पनि इष्ट इण्डिया कम्पनीको दिनोदिन बढ्दै गएको प्रभाव । अर्कोतिर गाउँ-बस्तीका इलाकादार ठीकादारहरूको अवस्था पनि अन्य देशका जमीनदार जस्तो पटक्क थिएन । खेतीपाती गरी तिनीहरू साधारण जीवन यापन गरिरहेका थिए । कल-कारखाना, व्यापार-वाणिज्य, ब्यांक धन्धातिर तिनीहरूको ध्यानै गएको थिएन । गाउँ-बस्तीतिर हक-डक तथा बिना ज्याला मजदुरी, थोरै आमदाम बाहेक त्यहाँ तिनीहरूको फाल्तो आय केही थिएन । यसो हेर्दा ठूलो घर, नोकर-चाकर, साना तिना जग्गा जमीन सम्बन्धी आफ्नै प्रकारका कार्यालय तुलनात्मक दृष्टिले हेर्दा मात्र निकै विलासी देखिएका थिए । यस्तो अवस्थामा तिनीहरू जसरी पनि गाउँ-गाउँ पाठशालाहरू खोली शिक्षाको प्रचार प्रसार गर्न केही गरी सक्तैनथे ।

१५ अगष्ट १९४७ मा महात्मा गान्धीको नेतृत्वमा भारतले अंग्रेजहरूबाट देशको बागडोर आफ्नो हातमा लियो । सिक्किमका कतिपय मानिसहरू भारतमा मिल्न चाहन्थे । अंग्रेजहरूले छोड़ेर गएपछि सिक्किमलाई पनि बाहिरी हस्तक्षेप बिना स्वतन्त्र छोड़िदिनुपर्छ भन्ने दरवारको भनाइ थियो । यस्तैमा सिक्किममा ठीकादारी प्रथाको विरोधमा राज्यव्यापी राजनैतिक आन्दोलन १ मई १९४९ को दिन शुरू भयो । फलस्वरूप ठीकादारी प्रथा हटयो औ टासी छिरिंग, चन्द्रदास राई, कप्तान दिमिकसिंह लेप्चा, दोर्जी डाडुल र रश्मिप्रसाद आले पाँचजनाको मन्त्री मण्डल गठन भयो । तर शक्तिको तानातानीले गर्दा भारत सरकारको मध्यस्थतामा पाँचजनाको मन्त्री मण्डल २९ दिनपछि नै समाप्त भयो औ अगष्ट १९४९ मा जे.एस. लाल देवानको रूपमा सिक्किम आए । सन् १९५० मा सिक्किम भारतको पूर्णरूपले संरक्षित राज्य घोषित गरियो । त्यसपछि १९५३ मा भएको मतदानको फलस्वरूप जनप्रतिनिधि लगायत दरवारबाट मनोनित सदस्यहरूबाट सिक्किम राज्यको पहिलो 'स्टेट काउन्सिल हाउस' अस्तित्वमा आयो । देवान यसको पदेन सभाध्यक्ष बन्यो ।

ठीकादारी शासन हटेर गएपछि जन प्रतिनिधिहरूले गठन गरेको सरकारको अघिल्तिर शिक्षाको मांग नै सबैभन्दा मुख्य थियो । यसले पनि जन आकांक्षा अनुरूप गाउँ-गाउँ स्कूल खोली जनचेतना र जागरूकता ल्याउने विचार गऱ्यो । भारत सरकारले १९५४-६१ (सात वर्ष) का निम्ति लगभग ३५० लाख दिलाएपछि यसबाट सर्वप्रथम शिक्षा विभागको स्थापना गरियो । कतिपय स्कूललाई सरकारी भनी घोषणा गरियो । कतिपय गाउँहरूमा स्कूल स्थापना गरियो । सबैमा शिक्षाप्रति एउटा नयाँ जोस सञ्चारित भयो ।

कलकत्ता निवासी एस. आर. घोष सिक्किमको शिक्षा विभाग अन्तर्गत पहिलो शिक्षा निदेशक भएर गान्तोक आए । पेदोंग निवासी टी. बी. राई. साथै कालिम्पोंग निवासी जोहन फूर्बा (पछि सचिव सिक्किम सरकार) शिक्षा निरीक्षक पदमा उपस्थित भए ।

यसरी प्रारम्भदेखि नै शिक्षा, शिक्षा भनेर मांग गर्ने सिक्किमे मानिसहरूको आकांक्षा एउटा लामो सामाजिक, राजनैतिक संघर्षपश्चात् पूर्ण हुन आयो । अब गाउँ-गाउँ खोलिएका पाठशालाहरूबाट तिनीहरू लाभान्वित हुन थाले । साना ठूला, धनी गरीब सबैले एकनासले शिक्षा प्राप्त गर्न सक्नेछन् भन्ने सबैले विश्वास गर्न लागेका थिए ।